का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ३५
❒ २२ फागुन २०७६, बिहीबार
❒ 5 March 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सफल प्रत्यारोपण

**त्रिवि शिक्षण अस्पतालमा प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला पुनःप्रत्यारोपण सफल भएको छ । १३ वर्षअघि भारतको एपोलो अस्पतालमा प्रत्यारोपण गराएका प्रधानमन्त्री ओलीले दोस्रो पटक स्वदेशमै प्रत्यारोपण गराएका हुन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन



प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला पुनःप्रत्यारोपण सफल भएको छ । प्रधानमन्त्री ओलीमा प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न थालेको चिकित्सकले जानकारी दिएका छन् । त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बुधबार प्रधानमन्त्री ओलीमा प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न थालेको जानकारी दिएका हुन् । डा.खड्गाका अनुसार प्रधानमन्त्रीको स्वास्थ्य अवस्था स्थिर रहेको छ ।

उनले भने, 'उहाँको सबै मुख्य सूचकांकहरू राम्रो अवस्थामा रहेका छन् । प्रत्यारोपित मिर्गौलाले पनि काम गर्न सुरु गरिसकेको छ । र, उहाँलाई प्रत्यारोपण उपचार कक्षमा राखी उपचारलाई निरन्तरता दिइने छ ।' प्रधानमन्त्री ओलीलाई मिर्गौला दिने उनकी भान्जी समीक्षा संग्रौलाको पनि स्वास्थ्य अवस्था सामान्य रहेको खड्गाले जनाए । अब अरू कुनै समस्या नदेखिए विहीबार बिहानदेखि प्रधानमन्त्रलाई मुखबाट तरल खानेकुरा दिइनेछ । डा.खड्गाले भने,'विहीबार बिहान उहाँलाई कालो चिया दिन्छौं । अरू कुनै समस्या देखिएन भने सोमबारसम्म डिस्चार्ज गर्ने योजना छ । अवस्था धेरै राम्रो भयो भने आइतबार पनि डिस्चार्ज गर्न सकिन्छ ।'

मिर्गौला प्रत्यारोपनका लागि प्रधानमन्त्री ओलीको अपरेसन बुधबार बिहान १० बजेदेखि सुरु भएको थियो । प्रधानमन्त्रीको शरीरमा मिर्गौला जोडिसकेपछि सो मिर्गौलाले काम गरे-नगरेको हेर्न 'अनटेबल टेस्ट' गरिएको र त्यसको नतिजा सकारात्मक रहेको देखिएको थियो । प्रत्यारोपण विज्ञका अनुसार शरीरमा दाताको मिर्गौला जोडिसकेपछि त्यसबाट पिसाब बाहिर निस्किए त्यसलाई प्रत्यारोपण सफल भएको रुपमा लिने गरिन्छ । त्यसमा प्रधानमन्त्री सफल भएको डा.खड्गाले जनाए ।

प्रधानमन्त्री ओली मिर्गौला प्रत्यारोपणका लागि सोमबार अस्पताल भर्ना भएका थिए । प्रत्यारोपण पूर्व मंगलबार 'डायलसिस' गरिएको थियो भने प्रत्यारोपणपछि शरीरलाई अन्य व्यक्तिको मिर्गौला स्वीकार गर्न सहज बनाउन 'इम्युनो सप्रेसेन्ट' औषधि चलाइएको थियो । ओलीको मिर्गौला प्रत्यारोपण गर्ने शल्यक्रिया टोलीमा अस्पतालका युरोलजी तथा मिर्गौला प्रत्यारोपण विभागका प्रा. डा. उत्तम शर्मा, प्रा. डा. प्रेम ज्ञवाली, डा. पवनराज चालिसे, डा. सुमन चापागाईं, डा. सुजित पौडेल र डा. मनीष प्रधानसँगै भारतीय डा. अनन्त कुमारलगायत संलग्न रहेका थिए । प्रधानमन्त्री ओलीले यसअघि २०६४ साल साउनमा पहिलोपटक मिर्गौला प्रत्यारोपण गरेका थिए ।

# १८ सांसद्को सपथ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन



संघीय संसदको माथिल्लो सदन राष्ट्रियसभामा बुधबारदेखि १८ जना नयाँ सांसदहरुले प्रवेश पाएका छन् । दुई वर्षे कार्यकाल पूरा गरी १८ जना सांसद मंगलबार बिदा भएपछि बुधबार नयाँ सांसदहरुले शपथ लिएका हुन् । राष्ट्रियसभाका नयाँ सांसदहरुलाई बुधबार बिहान राष्ट्रियसभाका अध्यक्षले शपथ गराएका हुन् । नयाँ निर्वाचित भएका १८ जना सांसद मध्ये १६ जना सत्तारुढ नेकपाका छन् । उनीहरुलाई बुधबार नै राष्ट्रियसभामा स्वागतसमेत गरिएको छ । सोही क्रममा दलका नेताहरुले स्वागत मनत्व्य राखेका थिए ।

मंगलबार बिदा हुनेमा नेकपाका ८, कांग्रेसका ६, राजपाका दुई, समाजवादीका एक र राष्ट्रपतिबाट मनोनित एक सांसद थिए । १८ जना सांसदको दुई वर्षे कार्यकाल सकिएर राष्ट्रियसभा सदस्य पद रिक्त हुनुअघि नै गत माघ ९ गते सातवटै प्रदेशमा बाँकी पृष्ठ २ मा

## कार्यभार सम्हाले खतिवडाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

डा.युवराज खतिवडाले पुनः मन्त्रीको शपथ लिएका छन् । मंगलबार राष्ट्रियसभा सदस्यको कार्यकाल सकिएपछि उनले अर्थ र सञ्चारमन्त्रीबाट राजीनामा दिएका थिए । डा. खतिवडा २४ घन्टा नबित्दै फेरि त्यही पदमा फर्किएका छन् । बुधबार उनले राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष शपथ लिएका हुन् मिर्गौला प्रत्यारोपणका लागि अस्पताल भर्ना भएका प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७८ अनुसार खतिवडालाई मन्त्री नियुक्त गरेका हुन् । उनलाई अर्थसँगै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पनि जिम्मेवारी दिइएको छ ।

शपथलगतै पदभार ग्रहण गरेका खतिवडाले आफू निरन्तर खटि रहने प्रतिक्रिया दिएका छन् । सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले आफूलाई योद्धाको रुपमा प्रस्तुत गरे । उनले भने, 'बजेट निर्माण, आर्थिक नीतिहरु अगाडि बढाउने सन्दर्भमा विकास प्रशासन, बाँकी पृष्ठ २ मा

## सेवाग्राही बलात्कार आरोपमा पूर्वडीएसपी पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन



प्रहरी कार्यालयमा न्याय खोज्न आएका महिलाको पटक पटक बलात्कार गरेको आरोपमा एक जना प्रहरी अधिकारी पक्राउ परेका छन् । पीडित महिलाको उजुरीका आधारमा महानगरीय प्रहरी वृत चापागाउँका तत्कालिन प्रमुख राजकुमार खिउजु पक्राउ परेका हुन् । ललितपुर प्रहरी प्रमुख टेकप्रसाद राईले खिउजुलाई भक्तपुरबाट पक्राउ गरिएको जानकारी दिएका छन् । खिउजु केही महिना अघि मात्र सेवाबाट अवकाशप्राप्त नायब उपरीक्षक (डीएसपी) हुन् ।

चापागाउँ प्रहरी वृतको प्रमुख रहेका बेला खिउजुले सेवाग्राहीसँग कार्यालयभित्रै बलात्कार गरेको र त्यसपछि पनि पटक-पटक घटना दोहोऱ्याएका थिए । आफूलाई बलात्कार गरेको दावीसहित एक महिलाले केही समयअघि ललितपुर प्रहरी परिसरमा उजुरी दिएकी थिइन् । उजुरी दर्ता भएलगत्तै प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएर खिउजुको खोजी सुरु गरेको थियो । उनलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ ।

**सांसद पक्राउ**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रदेश सांसद बलात्कार प्रयासको आरोपमा पक्राउ परेका छन् । सुदूरपश्चिम प्रदेश सभाका सदस्य अक्कल बहादुर रावललाई बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ । धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीकी एक बिबाहित महिलाले आफूमाथि बलात्कारको प्रयास गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय कैलालीमा उजुरी दिएको एक सातापछि रावल पक्राउ परेका हुन् ।

प्रदेश सभाका सदस्य रावलका बिरुद्ध फागुन १४ गते प्रहरीमा उजुरी परेको थियो । जाहेरीमा ती महिलाले प्रदेश सभा बाँकी पृष्ठ २ मा

## कोरोनाविरुद्ध कांग्रेसको अभियान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कोरोना विरुद्ध घरघरमा सचेतना फैलाउने भएको छ । साथै कोरोना भाइरसको जोखिम बढ्दै गएको भन्दै पार्टीका सबै औपचारिक कार्यक्रम केही समयका लागि स्थगित गर्ने भएको छ ।

बुधबार पार्टी केन्द्रीय कार्यालय सनेपामा पत्रकार सम्मेलन गरी प्रवक्ता विश्वप्रकाश शर्माले भने, 'विश्व स्वास्थ संगठनले गराएको सचेतता, नेपाल सरकारको आग्रह एवं जोखिमसँग राख्नुपर्ने सतर्कतालाई दृष्टिगत गरेर नेपाली कांग्रेस पार्टी एवं पार्टीसँग आवद्ध संस्थाहरुका सबै तहका ठूला भेला, सम्मेलन र सभा लगायतका कार्यक्रम आजकै मितिबाट लागू हुने गरी अर्को सूचना नगरिएसम्मलाई स्थगित गरिएको छ ।'

१४ औं महाधिवेशनसँग सम्बन्धित गृहकार्य भने नरोकिने प्रवक्ता शर्माले बताए। उनले कोरोना भित्रिन नदिन सीमावर्ती स्थलमार्गमा पनि कडाइ गर्न सरकारसँग आग्रह गरे । यस्तै कांग्रेसले कोरोना भाइरस प्रभावित मुलुकमा हवाई उडान रोक्न पनि सरकारसँग माग गरेको छ । शर्माले भने, 'नेपालीको उद्धारबाहेक अन्य कार्यमा पनि विशेष ध्यान दिनुपर्छ ।' केन्द्रीय प्रयोगशालामा किट र दक्ष जनशक्ति तयारी अवस्थामा राख्न पनि कांग्रेसले आग्रह गरेको छ । कांग्रेसले विपतका बेला साझा लक्ष्य लिएर अघि बढ्न सबैसँग आह्वान गरेको छ । यसैगरी विदेशमा बाँकी पृष्ठ २ मा






# कामदार रोक्ने निर्णयप्रति कोरियाली दूतावासको पत्राचार

# कोरोना प्रकरणले मन्त्रालय तनावमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन २१




कोरोना संक्रमणलाई देखाउँदै सरकारले कामदार पठाउने कार्य स्थगितको निर्णय लिएपछि दक्षिण कोरियाले पत्र नै लेखेर असन्तुष्टि जायर गरेको छ ।

चीन उद्गम भएर फैलिएको कोरोना भाइरस दक्षिण कोरियामा पनि देखिएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ईपीएसमार्फत दक्षिण कोरियाको रोजगारीका लागि छनोट भएका कामदार तत्काल नपठाउने निर्णय लिएको थियो । लगत्तै कोरियाले यसप्रति असन्तुष्टि जनाएको हो ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार, नेपालस्थित कोरियाली दूतावासले यसप्रति गम्भीर चासो व्यक्त गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पत्राचार नै गरेको छ । कोरियाको पत्र प्राप्तपछि श्रममन्त्रालयले उक्त पत्र परराष्ट मन्त्रालयमा पठाएको बताइएको छ ।

'सरकारले दक्षिण कोरिया जान लागेका कामदार तत्काल नपठाउने निर्णय लिएपछि कोरियाले दूतावासमार्फत असन्तुष्टि पोखेको छ,' स्रोतले मध्यान्हसँग भन्यो ।

**मन्त्रालय तनावमा**

कोरोना भाइरस (कोभिड-१९) को त्रासले स्वयं श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आफैं तनावमा परेको छ । स्वास्थ्य मन्त्रालयले नेपालमा अहिलेसम्म कोरोना संक्रमण कसैमा पनि नभेटिएको प्रष्ट पारे पनि श्रम मन्त्रालय आफैं कोरोनाको प्रकरणले तनावमा परेको हो ।

मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवलाई उद्धृत गर्दै सरकारी सञ्चार माध्यम राष्ट्रिय समाचार समितिले श्रमस्वीकृति बन्द भएको समाचार प्रकाशित गरेको थियो । जबकि, मन्त्रालयले अहिलेसम्म यसबारे औपचारिक निर्णय लिएको छैन ।

श्रम स्वीकृति बन्दबारेको समाचार सार्वजनिकपछि उत्पन्न अन्योल चिर्न मंगलबार साँझ मन्त्री यादवले भिडियो सन्देश नै जारी गरेर कोरोनाका कारण वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति बन्द नगरिएको स्पष्ट पारे । सचिव विनोद केसीले पनि यसबारे धारणा सार्वजनिक गर्दै श्रमस्वीकृति बन्द नगरिएको र गर्नु परे औपचारिक रूपमै जानकारी दिने बताएका थिए ।

मंगलवार दिनभरको क्रिया प्रतिक्रियालाई ध्यानमा राखेर मन्त्रालयले तत्काल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणसँग जोडिएर कुनै निर्णय नलिने सोच बनाएको छ । तर, विश्वव्यापी रूपमा फैलिरहेको कोरोनाभाइरसको संक्रमणले नेपाली कामदारमा निम्त्याउन सक्ने सम्भावित जोखिमबाट कामदारलाई बचाउनेबारे मन्त्रालयको तयारी कमजोर त छैन ? भन्ने प्रश्न मंगलवारको घटनाले उठाएको छ । हाल भारतमा रहेका १० लाख नेपालीसहित ६० लाख नेपाली विदेशमा रहेको अनुमान छ । त्यसमध्ये रोजगारी बाँकी पृष्ठ २ मा








# अझै खुलेन फेवा किनारको रत्न मन्दिर

**जमुना वर्षा शर्मा/रासस**



पर्यटकीय राजधानी पोखराको फेवा किनारमा रहेको रत्न मन्दिर भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै सर्वसाधारणलाई खुला गर्न भनिए पनि अहिलेसम्म खुलेको छैन। राजा वीरेन्द्र र उनका परिवारको सम्पत्ति नेपाल ट्रष्टमा आएसँगै विशेष संरक्षणमा रहेको यस ठाउँ अझै पनि सर्वसाधरणले हेर्न वातावरण बन्न सकेन। नेपाल ट्रष्टमा आएसँगै सर्वसाधारणको हितका लागि यो सम्पत्तिको उपयोग गर्ने भनी उल्लेख गरिए पनि सम्पत्तिको उपयोग भने हुनसकेको छैन ।

नेपाल ट्रष्टका सचिव गजेन्द्र ठाकुर भ्रमण वर्षको शुरुआतसँगै यसलाई खुला गर्ने भनिए पनि यसका आन्तरिक पक्षहरूको व्यवस्थापनका कारण ढिला हुन पुगेको बताए। उनले यस विषयमा ट्रष्ट सकारात्मक रहेको र केही प्रक्रियागत कारणले ढिला भएको प्रतिक्रिया दिए । नेपाल ट्रष्ट ऐन, २०६४ को संशोधित व्यवस्थामा 'ट्रष्टको सम्पत्ति राष्ट्रिय हितअनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न सकिने' प्रावधान उल्लेख गरिएको छ ।

प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार राजन भट्टराईले रत्न मन्दिरको अवलोकनपश्चात पर्यटकीय दृष्टिकोणले उपयुक्त र ऐतिहासिक रहेको यस क्षेत्रलाई छिटो खोल्नुपर्ने बताए । उनले पोखरा पर्यटकको उत्कृष्ट गन्तव्य भएकाले रत्न मन्दिर, हिमागृहले पर्यटन विकास र विस्तारमा थप टेवा पुर्‍याउने विश्वास व्यक्त गरे। भट्टराईले रत्न मन्दिर र हिमागृह पोखराको र प्रदेशको मात्र नभई राष्ट्रकै पर्यटन विकासका रूपमा रहेको र आफूहरूले त्यही रूपबाट महत्वका साथ हेरेको बताए। उनले भने, 'यसको व्यस्थापनका लागि विधि र प्रक्रिया पनि रहेका छन् । केही व्यवस्थापकीय कारणले ढिला भएको होला ।'

नेपाल पर्यटन बोर्डका पूर्वसदस्य पर्यटन व्यवसायी वासु त्रिपाठीले विविध बहानाबाट रत्न मन्दिर खोल्न ढिला गरिएको बताए। उनले भने, 'प्रदेश सरकारले 'अपरेशन मोडालिटी' सञ्चालन विधिसहितको सम्झौताको मस्यौदा नेपाल ट्रष्टलाई जतिसक्दो छिटो दियो उति छिटो काम अघि बढ्छ ।' उनले निजी क्षेत्रले ढोका ढक्ढक्याएको भन्दै अब सरकारी तवरबाट कामलाई तदारुकताका साथ अघि बढाउनुपर्ने बताए ।

गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले रत्न मन्दिर सर्वसाधारणका लागि खुला गर्न निकै ढिला भएको बताए । उनले भन्नुभयो, 'विविध कारण देखाएर आलटाल गरिएको छ । यसको व्यवस्थापकीय संरचना निर्माण गर्न अग्रसर हुने हो भने महिना दिनभित्र सबै तयार गर्न सकिन्छ, तर चासो दिएजस्तो गर्ने तर काम अघि नबढाउने भएकाले विलम्ब भएको छ।' उनले ट्रष्टका प्रमुख कार्यकारी अधिकृतसहितको टोलीले सर्भे गरेर प्रतिवेदन बुझाइसक्दा पनि काम अघि नबढ्नु दुःखद भएको बताए। उनले रत्न मन्दिरमा आकर्षक उद्यान बनाउन सांसद विकास कोषबाट २५ लाख छुट्याएको र यो प्रदेश मातहतबाट रत्न मन्दिर सञ्चालन हुनुपर्नेमा जोड दिए ।

रत्न मन्दिर फेवा किनारको रमणीय वातावरणमा करिब १११ रोपनी क्षेत्रफलमा फैलिएको छ । तत्कालीन राजा महेन्द्रले विसं २०१३ मा निर्माण गर्न लगाएर २०१५ मा यसले पूर्णता पायो र यसलाई रत्न मन्दिर भनेर नमाकरण गरियो। यस भवनमा राजपरिवारका सदस्य पोखरा आउँदा बस्ने गर्दथे। रत्न मन्दिर कूल तीन तलाको छ।

उक्त भवनमा ११ कोठा छन्। प्रशासनिक भवन, फेवातालसँगै तालघर, नेपाली सेनाका लागि ३८ कोठे लामो भवन छ । बङ्गला शैलीको रत्न मन्दिरमा दक्षिण भारतबाट ल्याइएका वेतका खाटलगायतका सामग्रीसहित कलात्मक तरिकाले सजावट गरिएको छ। राजा महेन्द्रका माइला भाइ हिमालय वीर विक्रम शाहले पनि रत्न मन्दिर नजिकै बनाएको हिमागृह त्यहाँ देख्न सकिन्छ । यसका अतिरिक्त बैठक कोठाहरू छुट्टाछुट्टै छन् भने भान्छा पनि अलग्गै छन्। दरबारभित्र रहेका सबै सामग्री सुरक्षित राखिएका छन्। सबै सिसी क्यामेराको निगरानीमा छन् ।

रत्न मन्दिर र हिमागृह गण्डकी प्रदेश सरकारको मातहतमा ल्याउन थप अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रदेश नीति तथा योजना आयोगका उाध्यक्ष डा गिरीधारी शर्मा पौडेलको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ। सो कार्यदलमा प्रदेशका मुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सचिव गणेशप्रसाद पाण्डे, विषयविज्ञ डा ध्रुव रेग्मी, पर्यटनविद् जुद्धबहादुर गुरुङ, सदस्यसचिवमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव यमप्रसाद पोखरेल रहेका छन् ।

# पशु सुत्केरी हुँदा किसानलाई भत्ता

**नबीनबाबु अधिकारी/रासस**



सिन्धुलीको कमलामाई नगरपालिकाले चालू आर्थिक वर्षदेखि हालसम्ममा ५५० सुत्केरी पशुलाई भत्ता वितरण गरेको छ । पोषण सुत्केरी खाद्यान्न सहयोग कार्यक्रमअन्तर्गत सुत्केरी गाई तथा भैँसीलाई भत्ता वितरण गरिएको हो ।

कमलामाईका १४ वटै वडामा सुत्केरी पशुलाई पोषण खाद्यान्न सहयोग उपलब्ध गराउन पशुधनीलाई रकम प्रदान गरिएको नगरपालिकाको पशु शाखाका पशुसेवा प्राविधिक मीनबहादुर थापाले जानकारी दिए। 'किसानले पशु सुत्केरी भत्ता प्राप्त गर्न पशुधनीले वडाबाट पशु सुत्केरी भएको हो भन्ने सिफारिस, सुत्केरी गाईले जन्माएको बाछाबाछी तथा भैँसीले जन्माएको पाडा वा पाडी र पशुधनी भएको एकप्रति फोटो, पशुको बीमा गराएको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र निवेदन पेश गर्नुपर्नेछ', उनले भने।

अघिल्लो वर्ष पशुपालन नगर्नेले पनि गाई तथा भैँसी सुत्केरी भएको भनी पैसा लगेको गुनासो आएको र यस वर्षदेखि वास्तविक पशुधनीलाई मात्र प्रोत्साहन रकम प्रदान गरिँदै आएको उनले बताए। हरेक पशुलाई सुत्केरी भत्ता र पोषण सुत्केरी खाद्यान्न सहयोगअन्तर्गत दुई हजारका दरले वितरण गरिँदै आएको छ । यस वर्ष पशु सुत्केरी भत्ता वितरणमा पशुको बीमा अनिवार्य गरेपछि पशु बीमा गराउने किसानको सङ्ख्या पनि बढ्दै गएको छ ।

उनका अनुसार एक आर्थिक वर्षमा पन्ध्र वटामात्र पशुको बीमा हुने गरेको थियो । यस आवमा नगर क्षेत्रका एक हजारभन्दा बढी पशुपालक किसानले पशुको बीमा गरिसकेका छन् । नेपाल सरकारको ७५ प्रतिशत अनुदान र २५ प्रतिशत किसानको लगानीमा पशुको बीमा गर्न सकिन्छ। पशुको क्षति भएमा बीमाङ्क रकमको ९० प्रतिशत रकम सम्बन्धित पशुधनीले क्षतिपूर्तिस्वरूप पाउने गरेको पशुसेवा प्राविधिक थापाले जानकारी दिए।

यस्तै पशुको बीमा गराउने पशुधनीको पनि दुई लाख बराबरको दुर्घटना बीमा स्वतः हुने उनले जानकारी दिए । पशु बीमा गराउँदा सुत्केरी भत्ता पनि प्राप्त गराउने र केही गरी पशुको मृत्यु भएमा पूर्णरूपमा नोक्सानीसमेत व्यहोर्नुपर्ने अवस्थाबाट छुट्कारा पाउने भएकाले अहिले पशु बीमा गराउने पशुपालकको सङ्ख्या पनि बढ्दै गएको उनको भनाइ छ । विगतमा पशु बीमा गराउन समस्या रहेको भए पनि अहिले पशु बीमा गराउन समस्या नरहेको बताइएको छ ।

नगरपालिकाले गत आवदेखि किसानलाई पशुपालनमा आकर्षित गराई नगरपालिकालाई दूधमा आत्मनिर्भर बनाउन प्रोत्साहनस्वरुप एक हजार प्रदान गर्ने कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै किसानलाई आकर्षित गर्न यस आर्थिक वर्षबाट प्रतिपशु सुत्केरी भत्ता दुई हजार दिइँदै आएको छ । नगरपालिकाको भद्रकाली, जलकन्या, रानीचुरी, डाडीगुराँसेलगायतका स्थानमा गाई तथा भैँसीपालन गर्ने किसानको सङ्ख्या उल्लेख्य रहेको छ।

ती स्थानमा पशुपालन गर्ने किसानले दूध बिक्रीबाट जीविकोपार्जनसमेत गर्दै आएका छन् । स्थानीय सरकार बनेपछि अनौठो मानिएको पशुलाई सुत्केरी भत्ता वितरणले किसान पशुपालनतर्फ थप उत्साहित भएका छन् । दूध बिक्रीबाट पशुपालकको आम्दानीमा समेत वृद्धि हुँदै आएको छ । किसानले दूध बिक्रीबाटै मासिक रु सात हजारदेखि एक लाख ५० हजारसम्म आम्दानी गर्दै आएका छन्।

नगरपालिकाका प्रमुख खड्गबहादुर खत्रीले किसानको मनोबल उच्च पार्न नगरले सदैव किसान लक्षित कार्यक्रम सञ्चालन गर्ने बताए । उनले कृषि क्षेत्रको सुधार र व्यवस्थापन बिना आर्थिक समृद्धि हासिल गर्न नसकिने भएकाले साना कुरालाई माथि उठाएमा किसानको मनोबल उच्च पार्न सकिने भएकाले यो कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरे । उनका अनुसार कमलामाईलाई दूधमा आत्मनिर्भर बनाउने सङ्कल्प पूरा गर्न किसानलाई प्रोत्साहन रकम प्रदान गरिएको हो। किसानले उत्पादन गरेको दूध बिक्री नभए नगरपालिकाले दूधको बजारीकरण गर्ने सवालमा समेत सहयोग गर्दै आएको र भोलिका दिनमा पनि गर्ने उनको भनाइ छ।

# पानीको स्रोत संरक्षणमा जुटयो काठमाडौं महानगर

**शर्मिला पाठक/रासस**



पछिल्लो समय काठमाडौँ महानगरपालिकाले पानीको स्रोतको संरक्षण कार्यका लागि चासो देखाएको छ । उपत्यकामा बसोबास गर्ने जनसङ्ख्या बढिरहँदा खानेपानीको माग बढिरहेको छ। पहिले उपत्यकामा भएका ढुङ्गेधारा, पोखरी र राजकुलो पानीको स्रोतका रूपमा रहेका थिए। बढ्दो जनसङ्ख्यासँगै अहिले हरेक दिनजस्तै जमनिमुनिको पानीको अत्यधिक प्रयोग भइरहेको छ ।

यसरी पानीको मुहान खोजी मात्रै गर्ने र यसको संरक्षण नगर्ने हो भने एक दिन काठमाडौँ उपत्यकामा पानीको हाहाकार पर्ने विषय कुनै नौलो होइन । यी विषयलाई मध्यनजर गर्दै यही फागुन ६ गतेबाट कामपाले पानी पुनःभरण प्रणाली शुभारम्भ गरिसकेको छ । यस प्रणालीमा निश्चित स्थान (क्याचमेन्ट)मा जम्मा भएको पानी जमीनमुनि पठाउने व्यवस्था मिलाइएको छ। यसमा आकाशेपानी सङ्कलन विधि जडान गरिएको छ र उक्त पानीलाई जमीनमुनि पठाउने प्रबन्ध गरिन्छ ।

कामपाका प्रमुख विद्यासुन्दर शाक्यले यस प्रणाली पहिलोपटक शुरु गरिएको भन्दै महानगरले अघि बढाएको यो कार्यक्रमबाट प्राकृतिक सन्तुलन कायम गराउन, वातावरणीय सुधारमा उपलब्धि हेरी कामपाको ३२ वटै वडामा अनिवार्यरूपमा यस किसिमको व्यवस्था गर्ने तयारी गरिएको बताउँछन् । हिउँदमा पानीको चर्को समस्या खेप्ने काठमाडौँले बर्खायाममा भने डुबानको जोखिम व्यहोरिरहेको छ । काठमाडौँ डुबानमा पर्नुको मुख्य कारण भनेकै पानी पुनःभरणको व्यवस्था बिग्रँदै जानु हो । काठमाडौँ महानगरको करीब ८३ प्रतिशत जमीन घर वा कुनै न कुनै प्रकारको संरचनाले ढाकेको अनुमान छ। यो ठाउँबाट पानी जमीनमुनि जान सक्दैन । यही कारण पानी अभावको समस्या र डुबानको समस्या भएको शहरी योजनाकारहरूले बताउँदै आएका छन्।

निजी क्षेत्रले सञ्चालन गरेका खानेपानीसम्बन्धी उद्योगहरूले ठूला मेसिन तथा गहिरो टच्युबवेल प्रयोग गरेर पानीको दोहन गरिरहेका छन्। आधिकारिक तथ्याङ्क नभए पनि उपत्यकामा करीब ७५० भन्दा बढी कम्पनीले भूमिगत पानी निकालिरहेको अनुमान छ । तीमध्ये अनुमति प्राप्त करीब २०० डिपबोरिङ छन्। यिनै व्यवसायीबाट उपत्यकावासीले दैनिक करीब रु तीन करोडको पानी किनेर उपयोग गरिरहेका छन् ।

त्यसो त सरकारले लामो समयदेखि नै मेलम्चीको पानी ल्याउने तयारी अघि बढाइरहेको छ । अन्यत्रबाट पानी ल्याउने मात्रैभन्दा भएका स्रोतको संरक्षण र उपत्यकाभित्रै खानेपानीको नयाँनयाँ स्रोतको पहिचान गरी त्यसको सही प्रयोग र जमीनमा पानीको पुनःभरणलाई ध्यान दिन आवश्यक रहेको कामपा शहरी योजना आयोगका सदस्यसचिव सरोज बस्नेतको भनाइ छ।

उपत्यकाभित्रको मुहानको दिगो संरक्षणकै लागि भनी आगामी दिनमा गुरुयोजना नै बनाएर अघि बढ्न आवश्यक भइसकेको छ। अन्यत्रबाट ल्याउने पानीको सही उपयोग भइरहेका मुहानको संरक्षणसँगै नयाँ मुहानको खोजी र तिनको उपयोगमा समेत विषेश ध्यान आवश्यक रहेको कामपाको ठम्याइ छ। खानेपानीलाई संविधानले साझा अधिकारका रूपमा व्यवस्था पनि गरेको छ । पानीको स्रोत भएका स्थानीय तहले त्यसको संरक्षणमा लाग्नु सबैभन्दा राम्रो हुन्छ । काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले मेलम्ची खानेपानी आयोजनाको पानी उपत्यका ल्याएर त्यसको व्यवस्थितरूपमा वितरण गर्ने जिम्मेवारीसँगै भएका स्रोतको व्यवस्थापन कार्य पनि अघि बढाएको हो । मेलम्चीको पानी काठमाडौँ आइसकेपछि कुन-कुन ठाउँमा कति-कति परिमाणमा वितरण गर्ने भनी आवश्यक तयारीको काम अघि बढाउन थालिएको छ। खानेपानी आएपछि कसरी व्यवस्थितरूपमा वितरण गर्ने भनी तयारीका लागि समिति बनाइएको छ।

समितिले अहिले कुन ठाउँका कति पानी आवश्यक छ र कसरी वितरण गर्न सकिन्छ भनी अध्ययन गरिरहेको छ। लिमिटेडले उपत्यकाभित्रको स्रोत संरक्षणमा समेत ध्यान दिन थालेको हो । उपत्यकाभित्रको पानीको परिमाण बढाउन अहिले १२ स्थानमा टच्युबवेल खन्न शुरु गरिएको लिमिटेडले जनाएको छ।

# नेपाल र भारतका सीमा स्तम्भ स्तरोन्नति गरिँदै

**लम्की/रासस** कैलालीमा नेपाल र भारतसँग सीमा जोडिएका सीमा स्तम्भको स्तरोन्नति कार्य शुरु भएको छ । नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले सीमा क्षेत्रका स्तम्भको स्तरोन्नति कार्य सुरु गरेको हो ।

सीमा स्तम्भ मर्मतका लागि नेपाली टोलीमा सर्वेक्षण टोली नं ४ का नापीप्रमुख सुदर्शन सिंह धामीको नेतृत्वमा छ जनाको टोलीले काम शुरु गरेको छ । उता भारततर्फ भारतीय टोलीका सर्भेयर नेत्र सिंह सहितको टोलीले संयुक्त रूपमा काम थालेको छ । सीमा स्तम्भ स्तरोन्नतिका लागि कैलालीको भजनी नगरपालिकाअन्तर्गत ७०९ मुख्य पिलरका सहायक पिल्लर १, २, ३, ४, ५, ६, ७ र ८ नं र टीकापुर नगरपालिकाअन्तर्गत ७०३ मुख्य पिल्लरका सहायक पिल्लर १, २, ३ र ४ को स्तरोन्नति भइरहेको नापी प्रमुख सुदर्शन सिंह धामीले बताए।

'बिजोर पिल्लर हामीले बनाइरहेका छौँ, जोर पिल्लर भारतले बनाउने गरेको छ', नापीप्रमुख धामीले भने, 'नेपालले बनाउने पिल्लर स्तरोन्नतिको खर्च नेपालले र भारतले बनाउने पिल्लरको स्तरोन्नतिको खर्च भारतले नै गर्ने गरेको छ। हामीले संयुक्त सर्वेक्षण गरेर काम गरिरहेका छौँ। असमान खालका पिल्लर पनि समान खालका बनाउन थालेका छौँ । अब जेठ महिनासम्म काम सक्ने योजना छ ।' उनले पुराना पिल्लर साना आकारका भएकाले बर्सातमा बाढी र कटानले हराउने समस्या हुन थालेपछि स्तरोन्नति आवश्यक भएको बताए । स्तम्भ सुरक्षित भएमा सीमामा प्रहरीलाई सुरक्षा गर्न सहज हुने धामीले बताए ।

नापी टोलीले नदीमा रहेका पिल्लर भने अहिले मर्मत नगर्ने भएको छ । नेपाल-भारतका १३ सीमा स्तम्भ कर्णाली र मोहना नदीको कटानमा परेका छन् । टीकापुर नगरपालिकाअन्तर्गत पर्ने नेपाल-भारत सीमा क्षेत्रका १३ सीमा स्तम्भ (पिल्लर) हरू कर्णाली र मोहना नदीको कटानमा परेका छन्। नगरपालिकाको नेपाल-भारत सीमा क्षेत्रमा जम्मा ३१ सीमा पिल्लर छन् त्यसमा १३ वटा विगत केही वर्षदेखि नदीमा आउने बाढी र कटानमा परेको स्थानीय बासिन्दाले बताएका छन्। ती पिल्लरका लागि थप सर्भे आवश्यक रहेको धामी बताउँछन्।

झौलास्थित बोडर आउट पोष्टका इन्चार्ज सशस्त्र प्रहरी निरीक्षक चन्द्रदेव भट्टले जोर अङ्कका पिल्लर भारतले र बिजोर अङ्कका पिल्लरको नेपालले स्तरोन्नति गर्ने कार्य गरिरहेको बताए ।

### १८...

चुनाव भएको थियो । जसमा नेकपाका १६ र राजपाका २ जना उम्मेदवार निर्वाचित भएका हुन् ।

नयाँ सांसदहरुमा इन्दिरादेवी गौतम, गोपीबहादुर सार्की अछामी, देवेन्द्र दाहाल, तुलसाकुमारी दाहाल, राधेश्याम पासवान, शेखरकुमार सिंह, मृगेन्द्रकुमार सिंह यादव, गङ्गाकुमारी बेल्बासे, वेदुराम भुसाल, भगवती न्यौपाने र नारायणकाजी श्रेष्ठ रहेका छन् । यस्तै विमला घिमिरे, जगप्रसाद शर्मा, गोपाल भट्टराई, सुमित्रा बिसी, मायाप्रसाद शर्मा, शारदादेवी भट्ट र तारामान स्वाँरले पनि बुधबार सांसदको शपथ लिएका हुन् ।

### कार्यभार...

सामाजिक न्याय, समानताको लडाइ लड्ने म एउटा योद्दा हुँ । योद्दा लडाइँमा त्यो बेलासम्म लडिरहन्छ, जुनबेलासम्म कमाण्डरले फर्किएर आउ भन्दैन वा युद्ध जित्दैन । मेरो कार्यकाल पनि त्यही हो, जबसम्म युद्ध जितिँदैन या कमाण्डरले फिर्ता आउ भन्दैन, तबसम्म मुलुकका गरिबी, अभाव, अन्यायविरुद्ध लडिरहने छु। त्यसै भएकाले यसको कुनै समय सीमा हुँदैन ।'

### सेवाग्राही...

सदस्य रावलले आफूमाथि माघ २१ गते जवर्जस्ती करणीको दुस्प्रयास गरेको आरोप लगाएकी छन् । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता दक्षकुमार बस्नेतले रावल पक्राउ गरेको जनाए । महिलाको उजुरीपछि पक्राउ पूर्जी जारी गरेको प्रहरीले रावललाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको डिएसपी बस्नेतले बताए । प्रहरीले बिहीवार रावललाई हिरासतमा राखी थप अनुसन्धान गर्न अदालतबाट अनुमती लिने बताएको छ ।र ावल अछाम क्षेत्र नम्बर २ को ख बाट निर्बाचित नेकपाका सांसद हुन् । उनी प्रदेश सभामा नेकपा संसदीय दलका सचेतक हुन् ।

### कोरोना...

रहेका नेपालीहरूलाई सहयोग गर्न विदेशस्थित नेपाली दूतावास, पार्टी निकट जनसम्पर्क समिति र गैरआवासीय नेपालीलाई आग्रह गरेको छ । कांग्रेसले कोरोना भाइरसविरुद्ध टोलदेखि घरघरसम्म अभियान चलाउने भएको छ। कोरोना संक्रमणका बारेमा 'शहरदेखि गाउँसम्म र गाउँको टोल हुँदै घरघरसम्म' सतर्कता र चेतनाको अभियान पार्टी र आवद्ध संस्थाहरुमार्फत विविध ढंगले अघि बढाइने निर्णय गरिएको शर्माले बताए।

### कामदार...

गर्न खाडी र मलेसिया गएका कामदारको संख्या लगभग १४ लाखको हाराहारीमा रहेको परराष्ट मन्त्रालयको अनुमान छ ।

नेपालले विश्वका १ सय ८ देशमा नेपाली कामदारलाई रोजगारीमा जान खुला गरेको छ । त्यसमध्ये ठूलोसंख्यामा कामदार जाने खाडीका देश र मलेसियामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नभेटिएको अन्तर्राष्टिय समाचार माध्यमहरूले उल्लेख गरेका छन् । नेपालले देश तोकेर श्रमस्वीकृति दिने कार्य स्थगित गरिए उक्त देशसँगको द्विपक्षीय सम्बन्धमा समेत असर पर्नसक्ने हालैको एक घटनाले देखाएको छ।

नेपालबाट देश तोकेर कामदारको श्रमस्वीकृति रोक्दा सम्बन्धित देशले अपमानित महसुस गरेकाले सरकार यसबारे थप निर्णय लिन अप्ठ्यारोमा परेको बताइएको छ ।


**मलेसियामा वैदेशिक रोजगारको अवसर** | कम्पनी: MPV-MALAYSIA SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/२१ | चलानी नं.: ६०१५२८५४ | LT. No.: 234357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. कामगा दक्ष | 1200 | ३३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २९ गते (12 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, Web.www.skymanpower.com
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Road Division Shivapur, Kapilvastu**

**Notice for Opening of Price Bids**

Date of Publication: 2076/11/22

Road Division Shivpur, Kapilvastu notifies that the following Bidders have been qualified and is hereby intends to accept their Technical Bids in respective Contracts in accordance with the Instruction to Bidders in Bid dated 2076/10/19 for the execution of the following Contracts as specified in the Table below. The qualified Bidders are hereby notified and requested for their presence in opening of the Price Bids as per the instruction to Bidders Clause No. 25.9 and PPR Rule 31 (E5).

***Date of Opening of Price Bid: 2076/11/29 on 13:00 hours at Road Division Shivpur, Kapilvastu.***

| Contract Identification No. | Name and Address of Qualified Bidders in Technical Bid |
|---|---|
| RDSPR/337011434/076/77-017(Re**) | i) M/s Daya Nirman Sewa, Rupandehi<br>ii) M/s Arghakhanchi -Shree Ram JV, Rupandehi |

**Division Chief**

# सहयोद्धाहरू सत्तामा, जिउँदा शहीद पानी चुहिने झुपडीमा

चन्द्रकला भण्डारी/रासस
झापा, २१ फागुन

मेचीनगरको धुलाबारीस्थित टिमाई खोलाको किनारमा झापा विद्रोहका जिउँदा शहीद दुर्गा अधिकारी (सानो) को सानो झुपडी छ। पञ्चायतविरुद्धको आन्दोलनमा १७ वर्ष लगातार जेल जीवन बिताएका उनी झुपडीको साँघुरो दुई कोठामध्ये एउटामा पत्नी रत्नासँगै बस्छन् भने अर्कोमा साँझ-बिहान चुल्हो बाल्ने गरिएको छ। पत्नी रत्ना थाइराइड, मधुमेह र मानसिक रोगको बिरामी छिन्। पैसा नभएर नियमित औषधि खान पनि नसकिरहेको दयनीय अवस्था छ।



त्यो झुप्रो तत्कालीन नेकपा (एमाले)का कार्यकर्ताको सहयोगमा २७ वर्षअघि बनाइएको पार्टीका नेता हरिचरण बानियाँले बताए। 'सानो उमेरमै आन्दोलनमा लागेर लामो अवधि जेल पर्नुभयो, जेलबाट निस्कँदा जाने ठाउँसम्म थिएन', पार्टीका पुराना नेता बानियाँ भन्छन्, 'पार्टीका साथीहरूबाट जोरजाम गरिएको सहयोगले टिमाई किनारमा ऐलानी जग्गा खोजेर एउटा घर बनाइदियौँ, अहिलेसम्म उनी त्यहीँ बस्दै आउनुभएको छ।'

पुरानो भइसकेको त्यो झुपडीमा खियाले खुइलिएको टिनको छानोबाट दर्के पानी चुहिन्छ। सिमेन्ट नमुछी उभ्याइएको इँटाको भित्तो अढेस लाग्दा भत्केला भन्ने डर छ। मूलढोकामा चुकुल छैन। झ्याललाई प्लास्टिकले बेरिएको छ। जेलमा सँगै बसेका सहयोद्धा केपी शर्मा ओली दुईपटकसम्म प्रधानमन्त्री भइसके भने राधाकृष्ण मैनाली, सीपी मैनालीहरू मन्त्री भइसकेका छन्। नरेश खरेल, मनकुमार गौतम, घनेन्द्र बस्नेतहरू सांसद बनिसकेका छन्। तर जेलबाट छुटेपछि पानी नचुहिने घरसम्म बनाउन अधिकारीले सकेका छैनन्। पार्टीका शुभेच्छुकहरूको सहयोगमा हालसम्म दुःखले गुजारा चलाउँदै आएका उनले बिहान-बेलुका हातमुख जोर्ने भरपर्दो स्रोतको व्यवस्थासमेत गर्न सकेका छैनन्।

झापा विद्रोहमा लागेर १० वर्षभन्दा बढी जेलमा परेका १० नेतामध्येमा उनी एक हुन्। उनीसँगै जेलमा रहेका रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई तत्कालीन पञ्चायती शासकले झापाबाट इलामको जेल सार्ने निहुँमा विसं २०२९ फागुन २१ गते सुखानीमा सामूहिक हत्या गरेको थियो।

'सोह्र-सत्र वर्षको केटो थिएँ, राजनीतिक सिद्धान्तका कुराभन्दा पनि जमिन्दारको शोषण र ज्यादतिविरुद्ध हतियार उठाउनुपर्छ भन्ने कुराले प्रभावित भएर म पूर्णकालीन कार्यकर्ता भएर झापा विद्रोहमा लागेको थिएँ', उनी विद्रोहमा लाग्दाको पुरानो घटना सम्झँदै भन्नुहुन्छ, 'वान युनिट वान एक्सन भन्दै वर्गशत्रु सफाया अभियान चलेलगत्तै पञ्चायती सरकारले घरघरमा छापा मार्दै धरपकड शुरु गर्दा मलाई झापा र इलामको सिमानामा पर्ने बुधबारेको भोटेटारमा रामनारायण प्रधानसँगै गिरफ्तार गरेको थियो।'

घरमा सुतिरहेको बेला राति नै पञ्चायतका जासुसहरूले पुलिस र 'भिजिलान्ते' जत्था बोलाएर घेराउ गरी भालाले घोचेर मरणासन्न अवस्थामा आफू गिरफ्तार भएको उनी बताउँछन्। भालाले घोचेर रक्ताम्मे अवस्थामा उनीसँगै गिरफ्तार भएका अर्का क्रान्तिकारी योद्धा प्रधानको प्रहरीले घिस्याएर लैजाँदा-लैजाँदै बाटामा मृत्यु भएको थियो। उनी भन्छन्, 'सँगै सुतेका साथीलाई घोचेरै मारेको देखेँ, देश र जनताको मुक्तिका लागि सङ्घर्षमा होमिएका हामीलाई मर्न पनि डर थिएन।'

प्रधानमन्त्री केपी शर्मा ओलीलगायतका तत्कालीन नेताहरूसँग चन्द्रगढी, नक्खु र केन्द्रीय कारागारमा गरी १७ वर्ष कठोर कारावास भोगेका उनी छ वर्षसम्म नेल र हत्कडीसहित गोलघरमा बसेपछि विसं २०४६ मा रिहा भएका थिए। जेलबाट बाहिर निस्कँदा उनको जाने घर र खान दिने आफन्तको टुङ्गो थिएन। जमिन्दारको अत्याचारविरुद्ध बोल्दा उनीकी दिदीको समेत हत्या भएको थियो।

जेलमुक्त भएपछि पार्टीका तत्कालीन साथीहरू रविन कोइराला, भीम खवास, हरिचरण बानियाँ, तेजराज खतिवडालगायतले सानो झुपडी बनाएर टिमाईको किनारमा बास बस्ने व्यवस्था मिलाइदिएको योद्धा अधिकारी बताउँछन्। इलामको शान्तिपुर (हाल रोङ गाउँपालिका)मा गरीब परिवारमा जन्मिएका अधिकारीको बाल्यकाल भने झापाको बुधबारेको होक्सेमा बित्यो। सत्र वर्षमै पार्टीको पूर्णकालीन कार्यकर्ता भएर घर त्यागेका उनको जीवनको उर्वर युवा समय जेलमा बित्यो। पढ्न, लेख्न पनि पाएनन्। राजनीतिक योगदान अतुलनीय हुँदाहुँदै पनि शैक्षिक योग्यता नभएका कारण उनले पार्टीमा कुनै जिम्मेवारी र रोजगारीको अवसर पाएनन्। पार्टीले केही गरेन भनेर उनले गुनासो गर्न छाडिसकेको बताउँछन्। 'अवस्था सबैले देखेका छन्, धेरैपटक केही गरौँला भनेर आश्वासन मात्रै बाँड्छन्', उनी भन्छन्, 'जीवनभर पार्टीका लागि दिलोज्यानले लागेँ, अबको बुढेसकालमा कमसेकम बास बस्ने झुप्रो पानी नचुहिनेसम्मको होस् भनेर सत्तामा पुगेका साथीहरूले सोचिदिएहुन्थ्यो भन्ने चाहना छ।'

उनको सबैभन्दा ठूलो पीर अहिले आफू बसेको झुपडीको जग्गाको छ। विसं २०५२ मा गठन भएको सुकुम्वासी समस्या समाधान आयोगले उनी बसेको झुपडीमा १९ धुर जग्गा कायम गर्‍यो। सो जग्गा हालको मेचीनगर-१० मा पर्दछ। विसं २०६७ मा प्रेम दाहालको अध्यक्षतामा गठित आयोगले १९ धुर जग्गाको ८४९ नं कित्ता कायम गर्दै जग्गा दर्ता प्रमाणपत्र उनीलाई दियो। तर सो जग्गा अतिक्रमणमा परेर हाल पाँच धुरमा सीमित भएको अधिकारीले बताए। साविकको १९ धुर जग्गा कायम गराइदिन उनी अहिले विभिन्न नेता तथा निकायमा हारगुहार गरिरहेका छन्। प्रदेशसभा सदस्य गोपाल बुढाथोकीले अतिक्रमणमा परेको उनको जग्गा दिलाइदिन र त्यसमा एउटा पक्की संरचना भएको घर बनाइदिन पहल भइरहेको बताउँछन्। मालपोत र नापी कार्यालयमा जग्गाको सरपट नापीसहित पूरै १९ धुर जग्गाको धनीपुर्जा दिन निवेदन दिइएको र निर्णय आउन बाँकी रहेको बुढाथोकीले जानकारी दिए।

जेलबाट छुटेपछि ढिलो विवाह गरेका अधिकारीको एक मात्र छोरी रक्षा अधिकारी पार्टी र ससुरालीतिरको संयुक्त पहलमा अमेरिकामा नर्सिङ पढ्दै छिन्। छोरीले पढाइसँगै आंशिक जागिरबाट कमाएर पठाइदिएको रकमले बिहान बेलुकाको छाक टार्न सहज हुन थालेको उनी बताउँछन्। 'केही सानोतिनो काम माग्न जाँदा तपाईं त्यत्रो जेल बसेको मान्छे कसरी काम लगाउनु भनेर पन्छिने गर्छन्', रोजगारी पाउनसमेत गाह्रो भएको उनी सुनाउँछन्।

बस्न र खान मात्र होइन, उनीलाई आफ्नो र पत्नीको उपचारको पनि उत्तिकै चिन्ता छ। आफू दमको रोगी र श्रीमती मानसिक, मधुमेह र थाइराइडको बिमारी भएको उनले बताए। दुवैजना नियमित औषधि सेवन गर्छन्। विर्तामोडस्थित पूर्णटुङ्ग विर्तासिटी अस्पतालले उनको स्वास्थ्योपचार र श्रीमतीलाई मधुमेहको औषधि निःशुल्क दिँदै आएको छ। घर बसाउन सहयोग पुर्‍याएका सहयोद्धा बानियाँ पार्टीले सहयोगमा कुनै कमी नगरे पनि सरकारीस्तरबाट भने दिगो आवास र निर्वाहका लागि व्यवस्था गरिदिए उचित हुने बताउँछन्। घरेलु व्यवस्थापन कमजोर हुँदा आर्थिक स्थिति सुदृढ नबनेको बानियाँको धारणा छ। प्रदेशसभा सदस्य बुढाथोकीले सानो-ठूलो सहयोग निरन्तर भइरहे पनि स्थायी आयस्रोत केही नभएका कारण उनी आर्थिक सङ्कटमा फसेको बताउँदै घर मर्मतसम्भारका लागि सांसद राम कार्कीलगायतले हालै ६५ हजार दिएको जानकारी दिए। सभासदस्य बुढाथोकीले अधिकारीको जग्गा अतिक्रमणबाट मुक्त भएपछि पक्की घर बनाउन पहल गरिने बताउँछन्।

# नेपालमा कोरोना पुष्टि भएको छैन : डा. झा

**काठमाडौं, मस**–राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाकी निर्देशक डा. रुना झाले नेपालमा आफूहरुले अहिलेसम्म गरिएको परीक्षणमा कसैलाई पनि कोरोना भाईरस (कोभिड-१९) को संक्रमण नभेटिएको स्पष्ट पारेकी छिन्। उनले भनिन्,'नेपालमा यो भाईरसको परीक्षण हाम्रो ल्याबमा मात्रै हुन्छ, सुरुमा हामीले पनि यसको नमूना परीक्षण हङकङ पठाएका थियौं। त्यतिबेला हामीलाई ठूलो क्रिटिसिजमपनि भयो। तर, अहिले हामी आफैंले परीक्षण सुरु गरिसकेका छौं।'



बुधबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा निर्देशक झाले कोरोनाको परीक्षण थ्रोट स्वाब र नाकबाट पनि लिने गरिएको सुनाईन्। र, उनले कोरोनाको लक्षण बाहिर कुरा आएजस्तै रुघाखोकी र ज्वरा नै भएको सुनाईन्। क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै उनले यो भाईरसको परीक्षणको लागि लामो प्रक्रिया भएको पनि सुनाईन्। उनले भनिन्,'यसको परीक्षण भनेको पि.सि.आर. हो, हामीले पनि रियल टाईम पि.सि.आर. हेर्ने हो।' आफूहरुसँग अहिले चार वटा मेशिन रहेको पनि उनले सुनाईन्।

निर्देशक झाले अहिलेसम्म गरिएको परीक्षणहरु सबै नेगेटिभ आएको पनि सुनाईन्। उनले भनिन्,'हामीले गरेका परीक्षणमा कुनैपनि पोजिटिभ भेटिएन्।' दश जनाको परीक्षणपश्चात् पनि आफूहरुले पूनः भेरिभाईको लागि हङकङ पठाएको र उताको रिपोर्टपनि आफूहरुसँग मिलेको उनले स्मरण गराईन्।

झाले आफूहरुले गरेको परीक्षणको कामसमेत विश्व स्वास्थ्य संगठनले ठीक छ भनेर भनेको सुनाईन्। त्यस्तै, हालै चीनको वुहानबाट उद्धार गरेर ल्याईएका १७५ जना नेपालीहरुको पनि परीक्षण गर्दा रिपोर्ट राम्रो आएको र कसैलाई पनि कोरोना नदेखिएको उनले जानकारी दिईन्। उनले आफूहरुको ल्याबलाई डब्लु.एच.ओ.ले मान्यता दिएको सुनाउँदै हप्तामा ५ सय जनाको परीक्षण गर्न सकिने ल्याबको क्षमता सुनाईन्। उनले हालैमात्रै दक्षिण कोरियाबाट आएको नेपाली जसलाई 'श्वाँसप्रश्वाँसको समस्या र ज्वरो आएको थियो' परीक्षण गर्दा उनको पनि रिजल्ट नेगेटिभ आएको जानकारी दिईन्। उनले आफूहरुले ल्याबमा काम गर्दा उच्च सतर्कता अपनाएको पनि विश्वास दिलाईन्। उनले नेपाललाई कोरोनामुक्त बनाउनको लागि सबैले मिलेर काम गर्नुपर्ने र आफूले पनि यही कामना गरेको बताईन्। उनले भने,'सबैले मास्क प्रयोग गरौं। विशेषतः रुघाखोकी लागेकाहरुले झनै यसको प्रयोग गर्न जरुरी छ। लगातार सावुन पानीले हात धुनुपर्छ।'

उनले यो भाईरस हावामा कति दिनसम्म बाँच्न सक्छ ? भनेर अहिलेसम्म आधिकारिक तथ्य बाहिर नआएको पनि स्पष्ट पारिन्। उनले भनिन्,'यो विषय अहिलेपनि अध्ययनको विषय हो। १०० प्रतिशत रिसर्च भैसकेको छैन्।' यद्धपी ९ दिनसम्म पनि बाँच्ने र कसैले २४ देखि ४८ घण्टासम्मपनि बाँच्छ भनेको उनले सुनाईन्।

# जिल्ला अस्पताल फाप्लुलाई ३० लाखको उपकरण

**सोलुखुम्वु, मस**– सोलुखुम्वुको जिल्ला अस्पताल फाप्लुलाई ३० लाख बराबरको उपकरण प्राप्त भएको छ। प्रदेशसभा सदस्य तथा नेकपा प्रदेश नं १ का प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारीको पहलमा लायन्स क्लब इन्टरनेशनलले प्रसूतिका लागि अति आवश्यकीय १२ प्रकारका उपकरण प्रदान गरेको हो।




उपकरण हस्तान्तरण कार्यक्रममा लाइन्स क्लब इन्टरनेशनलका पूर्वगभर्नर अनन्त भेटवालले हिमाली जिल्ला सोलुखुम्बु विश्वकै आकर्षणको केन्द्र भएकाले सहयोग गरेको बताए। उनले पर्यटनको आकर्षणाको केन्द्र सोलुखुम्बुलाई हरेक सेवासुविधाको हिसाबले अब्बल बनाउनु आजको आवश्यकता भएको बताए। सो अवसरमा फाप्लु अस्पताल विकास समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख वीरकुमार राईले लाइन्स क्लबको सहयोगले जिल्लामा मातृ शिशु मृत्युदरलाई कम गर्न सकिने विश्वास व्यक्त गरे। उनले हिमाली जिल्ला दुर्गम जिल्लामै पर्ने भएकाले पनि यहाँका जनता स्वास्थ्यलगायत अन्य अति आवश्यक सेवाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताए। लाइन्स क्लब अमेरिकाबाट प्राप्त उपकरण पोखरा-विराटनगर हुँदै सोलुखुम्बुसम्म ढुवानीको जिम्मेवारी लाइन्स क्लब काठमाडौँले गरेको छ। अत्यन्तै संवेदनशील उपकरण भएकाले पोखराबाट सोलुखुम्बुसम्म ढुवानी गर्न करिब एक लाख २५ हजार बराबर खर्च भएको लाइन्स क्लब काठमाडौँका सभापति राजेन्द्र कोइरालाले बताए।

जनशक्ति भए पनि उपकरण नहुँदा यहाँका अधिकांश महिला ओखलढुङ्गाको मिशन अस्पताल या काठमाडौँलगायत अन्य स्थानमा जानुपर्ने बाध्यता छ। सोही बाध्यतालाई दृष्टिगत गर्दै उपकरण सहयोग मागिएको प्रदेशसभा सदस्य एवं प्रमुख सचेतक राजभण्डारीले बताए।

# डोल्पाको रोग प्रभावित क्षेत्रमा औषधिसहित चिकित्सक टोली

**डोल्पा/रासस**-डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ करेलीकाँडामा फैलिएको अज्ञात रोगको नमूना परीक्षणका लागि आवश्यक रगत, न्याल, खकार, दिसापिसाबलगायतका नमूना सङ्कलनका लागि चिकित्सकसहितको टोली पुगेको छ।

रोगले ग्रस्त नागरिकको नमूना सङ्कलनका लागि प्रदेश अस्पतालका डा इन्द्रबहादुर थापा र ल्याब टेक्निसियन कमलकुमार थापा सेनाको हेलिकोप्टरबाट प्रकोप क्षेत्रमा पुगेको हो। नमूना सङ्कलन गरेर परीक्षणका लागि काठमाडौँस्थित टेकु अस्पतालमा लैजाने बताइएको छ।

त्यसैगरी प्रकोप क्षेत्रमै बसेर उपचार गर्ने गरी जिल्ला अस्पताल डोल्पाबाट डा मेलिना हमाल र एचए सारङ्गा रोकाय पनि हेलिकोप्टरबाट जानुभएको जिल्ला अस्पताल डोल्पाका प्रमुख डा सिजन रावलले जानकारी दिए।

हेलिकोप्टरले चिकित्सकमात्रै नभएर मास्क, पञ्जा, एन्टिभाइरललगायतका आवश्यक औषधिसमेत बोकेर लगेको रावलले बताए। प्रकोप क्षेत्रमा तीन दिनदेखि स्वास्थ्यचौकी त्रिपुराकोटमा कार्यरत सिनियर अहेव शेरबहादुर कठायत र अनमी लक्ष्मी न्यौपानेले बिरामीको उपचार गरिरहनुभएको छ।

पैँतालीस घरधुरी भएको करेलीकाँडामा रोगका कारण घरैपिच्छे बिरामी भएको र अहिलेसम्म २० भन्दा धेरै बिरामीलाई उपचार गरिएको स्वास्थकर्मीको टोलीले बताएको छ। प्रभावित क्षेत्रका बिरामीमा रुघाखोकी, ज्वरो, झाडापखाला, बान्ता गर्ने, रिङ्गटा लाग्ने, शरीर दुख्नेजस्ता लक्षण देखिएको समेत स्वास्थकर्मीले बताएका छन्।

# आठ महिनादेखि अस्पतालमै बन्धक भुजेलको उद्धार

**विराटनगर, मस**– मोरङको विराटनगरस्थित विराट अस्पतालमा उपचार गराएको पैसा तिर्न नसकेर बन्धक बनाइएका सङ्खुवासभाको खाँदबारी नगरपालिका-१० चन्दनपुरका २० वर्षीय जीवन भुजेलको उद्धार भएको छ। भुजेलको आठ महिनापछि विराट अस्पतालबाट उद्धार गरिएको हो।



गत असार ५ गते भोजपुरको षडानन्द नगरपालिका-१ को इखुवाखोला जलविद्युत् आयोजनामा काम गर्ने मजदुरबीच विवादले उग्ररुप लिई कुटाकुट हुँदा छुटयाउन गएका जीवनलाई एक समूहले टाउको र घाँटीमा रड प्रहार गर्दा उनी गम्भीर घाइते भए। गम्भीर घाइते जीवनलाई तत्कालै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगियो तर उनको धरानमा उपचार सम्भव नभएपछि मोरङको विराट अस्पताल सिफारिस गरिएको थियो।

घाइते जीवनलाई उद्धार गर्न गृह मन्त्रालयबाट पाँच लाख र खाँदबारी नगरपालिकाबाट एक लाख सहयोग गरिएको सांसद राजेन्द्र गौतमले जानकारी दिए। जीवनलाई उद्धार गर्न पूर्वगृहसचिव प्रेमकुमार राई र सांसद गौतमको पहलमा गृह मन्त्रालयबाट पाँच लाख सहयोग भएको हो।

टाउको र घाँटीमा गम्भीर चोट लागेका जीवन आठ महिनादेखि मोरङको विराट अस्पतालमा बन्धक थिए। उपचार गरेको रकम तिर्न नसक्दा अस्पतालले उनलाई बन्धक बनाएको थियो। घाइते जीवनको घाँटीको शल्यक्रिया, औषधि र खाना खर्च आठ लाख बढी पुगेको थियो। जीवनको उपचारवापतको खर्च भुक्तानी गरेपछि मात्र अस्पतालले डिस्चार्ज दिएको हो।

जीवनलाई उद्धार गरेर अहिले धरानमा राखिएको खाँदबारी नगरपालिकाका प्रमुख मुरारी खतिवडाले जानकारी दिए। जीवनको उद्धार गर्न सङ्खुवासभाका प्रदेशसभा सदस्य पूर्णप्रसाद राई, पदमकुमारी गुरुङ र नगरप्रमुख खतिवडा सोमबार विराट अस्पताल मोरङ पुगेका थिए। जीवनको उपचार खर्च, औषधि र खानाको सात लाख रकम भुक्तानी गरेर सोमबार उद्धार गरिएको नगरप्रमुख खतिवडाले बताए।

उनको दोस्रो चरणको शल्यक्रिया गर्न उनलाई काठमाडौँको त्रिवि शिक्षण अस्पताल लैजाने तयारी भएको नगरप्रमुख खतिवडाले जानकारी दिए। घाँटीमा गहिरो चोट लागेकाले श्वास फेर्न प्वाल पारेर पाइप हालिएका कारण जीवन बोल्न नसक्ने अवस्थामा छन्। चिकित्सकका अनुसार दोस्रो चरणको उपचार शिक्षण अस्पतालमा मात्रै हुने र सो उपचारपछि मात्रै आवाज आउने छ।

जीवनलाई सहयोग गर्न विभिन्न सङ्घसंस्था र व्यक्ति सक्रिय भएर लागेका थिए। आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारका जीवन उपचार खर्च तिर्न नसक्दा लामो समयदेखि अस्पतालमै बन्धक भएर बसेका थिए। आक्रमण गर्नेहरू प्रहरीले चलाएको अभद्र व्यवहार मुद्दामा जिल्ला प्रशासन भोजपुरले मागेको जनही पाँच हजार धरौटी बुझाएर असार ३० गते छुटिसकेका छन्।

जीवन परिवारका माइला छोरा हुन्। आमा बितेपछि परिवारमा बुबा, एक दाजु, दिदी र दुई भाइ थिए। उपचार खर्च तिर्न नसकेर भाइ अस्पतालमै बन्धक भएको भन्दै ऋण खोज्नका लागि भौंतारिरहेका दाजु नवीनले पनि त्यही तनावका कारण गत कात्तिक अन्तिम साता आत्महत्या गरेका थिए।

# दैलेखमा स्वास्थ्य बीमा शुरु




**दैलेख, मस**– दैलेखमा स्वास्थ्य बीमा कार्यक्रम औपचारिकरूपमा शुरु गरिएको छ। स्वास्थ्य बीमाका लागि टोलटोलमा खटिने ९८ बीमा दर्ता सहयोगीमार्फत औपचारिकरूपमा कार्य प्रारम्भ गरिएको हो। जिल्ला समन्वय समितिका प्रमुख प्रेम थापालगायत १५ जनालाई स्वास्थ्य बीमा गरेर कार्यक्रमको औपचारिक शुरुआत गरिएको हो।

निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारीलगायतको उपस्थितिमा बीमाको औपचारिक शुरुआत गर्दै आम नागरिकको घरदैलोमा पुगेर बीमा गराउने अभियानलाई प्रभावकारी बनाउन सुझाव दिइएको छ।

जिल्ला समन्वय समिति प्रमुख थापाले दुर्गम स्थानका नागरिकलाई बीमाबारे स्पष्ट जानकारी गराउँदै तत्काल दैलेखका ११ वटै स्थानीय तह र ९० वडामा खटिएका सहयोगी कार्यकर्ताहरूले आम नागरिकलाई बीमा अभियानमा समावेश गरेर एक लाखसम्मको सुविधा पाउने अवसरबाट वञ्चित नगराउन सुझाव दिए।

बीमा अभियानअन्तर्गत 'क' वर्गका अपाङ्गता, ज्येष्ठ नागरिक, एचआइभी सङ्क्रमित, कुष्ठरोग र क्षयरोगका बिरामीलाई निःशुल्क बीमा गरिनेछ। स्वयंसेविकालाई ५० प्रतिशत छुट दिइएको छ। एकाघरका एकदेखि पाँचजनालाई तीन हजार ५ सय र पाँचजनाभन्दा बढी भए प्रतिएकजना बराबर ७ सय रुपैयाँका दरले वार्षिक प्रिमियम रकम लाग्नेछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।




कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# प्रधानमन्त्रीले दिएको सन्देश

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला पुनःप्रत्यारोपण सफल भएको छ । प्रधानमन्त्री ओलीले दोस्रो पटक मिर्गौला प्रत्यारोपण भने स्वदेशमै गर्ने निर्णय गरेका थिए । प्रत्यारोपणमा सामेल चिकित्सकहरूका अनुसार, शल्यक्रिया पछाडि प्रधानमन्त्री ओलीको स्वास्थ्य अवस्था स्थीर छ, होस आइसकेको छ । प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न थालिसकेको छ । देशकै कार्यकारी प्रमुखको सफल शल्यक्रिया बारेको यो खबर सानो खुशीको होइन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता–कार्यकर्ताहरूलाई मात्रै नभएर सिंगो देशका लागि पनि खुशीको विषय हो ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा सम्पन्न सफल प्रत्यारोपणले केही दिन यता देशभर जलाइएका दीप प्रज्वलनको आलोक अझ तिख्खर बनेको छ । भनिरहनु परेन, नेकपामा नयाँ उत्साह आएको छ । सँगै, संसारभर प्रधानमन्त्री ओलीको स्वदेशमै सफल प्रत्यारोपणको सन्देश फैलिएको छ । २०६४ साउनमा प्रधानमन्त्री ओलीले पहिलो पटक प्रत्यारोपण गराएका थिए । त्यस बेला नेपालमा प्रत्यारोपणको आवश्यक सुविधा थिएन, आरम्भ भने हुन थालेको थियो । यसपटक प्रधानमन्त्री ओलीले ठूलै जोखिम उठाएका थिए । यसले शुभेच्छुक पंक्तिलाई चिन्तित तुल्याएको थियो, बरू स्वयम् प्रधानमन्त्रीमा भने बलियो आत्मविश्वास थियो ।

प्रधानमन्त्रीको आत्मविश्वासजस्तै प्रत्यारोपणले पनि सफलता पायो । सफल प्रत्यारोपणको खबरले देशमा नयाँ उत्साहको सञ्चार समेत भएको छ । किनभने, यसअगाडि सामान्य उपचार गराउन समेत विदेशको महँगो अस्पतालमा जाने गरेको भनी भीभीआईपीको आलोचना हुँदै आएको थियो । ठूलै व्यक्तिहरूले समेत स्वदेशको अस्पताल र उपचारमा विश्वास नगर्दा पहुँज हुनेहरूमा समेत विदेशतर्फको आकर्षण ज्यादा थियो । तर, प्रधानमन्त्री ओलीले नै स्वदेशकै अस्पताल, देशकै चिकित्सक र उपकरणमा विश्वासका साथ प्रंत्यारोपण गराए । प्रधानमन्त्रीको यो विश्वास र सफलताले नेपालका अस्पतालहरू प्रतिको आत्मविश्वास आम नेपालीमा विस्तारित गर्न सहयोग पुगेको छ । यस पटकको प्रत्यारोपणमा प्रधानमन्त्रीको आत्मविश्वास उच्च रहेको अनुमान जोकोहीले गर्न सक्छन् ।

तर, देशको स्वास्थ्य क्षेत्रमै नयाँ मानक बनिदिएका प्रधानमन्त्री ओलीले चिकित्सकहरूले दिने सुझाव भने पालना गर्नैपर्नेछ । पहिलो पटक प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न छोड्नुको पछाडि प्रमुख भूमिका प्रधानमन्त्रीको दौडधुप र स्वास्थ्यप्रतिको वेवास्तालाई समेत लिइएको छ । त्यसैले आशाको सञ्चार गराउने प्रतिबद्धता पूरा गराउन प्रधानमन्त्री ओलीले चिकित्सकले दिएको सुझाव पालना गर्नुपर्नेछ र, प्रधानमन्त्री ओलीलाई शिघ्र स्वास्थ्य लाभको शुभकामना !

# भ्रष्टाचारलाई सामाजिक वैधता !



■ विदुर तिमल्सिना

"नियम सानो तोडे पनि, ठूलो तोडे पनि, आफ्नाले तोडे पनि अरूले तोडे पनि, कानुनी राज्यमा कानुनको परिधिमा ल्याउनुपर्छ । जनताले त्यसमा सघाउनुपर्छ । अनिमात्र कानुनी राज्यको स्थापना हुनसक्छ, भ्रष्टाचार कम गर्न सकिन्छ ।

भ्रष्टाचार राज्यको माथिल्लो निकायमा मात्र छ कि सबैतिर ? नेता, मन्त्री, कर्मचारीमात्र भ्रष्ट हुन् कि अरु पनि छन् ? तिनै मन्त्री, नेता अथवा कर्मचारी पनि कहाँबाट चुनिएका छानिएका हुन् ? हाम्रा वरपरका नातागोता छरछिमेकिले जागिर खाएर कित सम्पत्ति जोडेका छन् ? यस्ता विषयमा हामी कित सोच्ने गर्छौं ? आफन्तले गरेको अवैध आर्जन 'कमाइ' हुने अरुले गरेको अपराध हुने हो र ? मैले धेरैतिर सुन्ने गरेको छु फलानो कर्मचारीले यति कमायो भनेर । कुनै पनि कर्मचारीको कमाइ त उसले पाउने तलब, भत्ता र अन्य सुविधा नै हो । त्यसबाहेकको आर्जन 'कमाइ' हो र ? किन त्यसैलाई हामी प्रस्ट शब्दमा फलानो भ्रष्ट छ भन्न सकिरहेका छैनौ ? यस्ता कुरालाई बेवास्ता गरेर कतै हामी भ्रष्ट आचरणलाई सामाजिक वैधता दिइरहेका त छैनौ ?

हामी बाटो काट्ने बेलामा आकाशे पुल, जेब्रा क्रस प्रयोग गर्दैनौ । किनभने ढीला हुन्छ । अर्को अगाडि पुग्ला भन्ने पीर छ । बाटोमा गाडी, मोटरसाइकल चलाउँदा लाइनमा पर्खनु हुन्न । नियम तोडेर पनि अर्कोलाई उछिन्नुपर्छ । त्यो भ्रष्ट आचरण हो कि होइन ? कुनै काम प्रक्रियाबाट जाँदा नहुने अथवा ढीला हुने भयो भने सजिलै गलत प्रक्रिया अपनाउन तयार हुन्छौं । त्यो भ्रष्टाचार को जग हो कि होइन ? अस्पतालजस्तो स्थानमा समेत लाममा बस्नु पर्नेछ भने हामी आफ्नो मान्छे छ भने उसलाई प्रयोग गरेर पालो मिच्छौं ।

विगत २० वर्षमा हाम्रो देशमा मेहनत गरेर सोझो पेसा गर्नेले भन्दा काम नगर्ने, दलाली गर्ने, अवैध उद्योग गर्ने, किमसनखोरहरूले धेरै सम्पत्ति थुपारेका हुन् कि होइनन् ? तिनले राज्यलाई तिर्नुपर्ने कर तिरे कि तिरेनन् ? राज्यलाई कर नतिरी जोडेको सम्पत्ति अवैध हुनुपर्ने हो कि होइन ? तिनको छानबीन हुनुपर्ने हो होइन ? कम्तीमा जनताले प्रश्न उठाउनुपर्ने हो कि होइन ? अधिकांश नेता, कर्मचारी, व्यापारी, घर जग्गा कारोबारीको सम्पत्ति छानबिन गर्ने हो भने स्रोतविनाको आर्जनको हिस्सा धेरै हुन्छ । स्रोत नखुल्ने सम्पत्ति अवैध हुने कानुन यही राज्यले बनाएको हो कि होइन ? यसको कार्यान्वयन गर्न केले रोकेको छ ? राज्य संयन्त्रले त गरेन रे । किनभने त्यहाँ विराजमान धेरैको कमाइको केही न केही हिस्सा अवैध निस्कने डर छ । तर, हामी सबै चुप छौँ किन ?

गुठी विधेयकको विरोधमा काठमाडौंमा मानव सागर उर्लियो । यद्यपि, त्यसको प्रत्यक्ष असर सीमित व्यक्तिमा मात्र पर्नेथियो । तर, भ्रष्टाचारको असर हरेक नेपालीको चुलोचौको, औषधोपचार, जीवनका हरेक पाइलामा परेको छ । हामी किन त्यसका लागि आन्दोलन गर्न तयार छैनौ ? किनभने ती सबै अवैध सम्पत्ति आर्जन गर्ने आफ्ना वरिपरिकै छन् । कोही दाजु, कोही भाइ, काका, मामा, साथी । अनि कसरी बोल्नु ? अझ आफ्नै उमेरको फलानो साथीले कति कमाइ सक्यो आफूले सकिएन भनेर पिरोलिरहेका छौं हामी । समाजले नै स्थापित गरिसकेको छ प्रगति गर्नुपर्छ र त्यो प्रगति भनेको पैसा कमाउनु हो । कसरी ? त्यसको कुनै मापदण्ड छैन । घरमा पत्नीले कर कर गर्छे – फलानाकी दुलहीले त यति तोलाको सुनको हार किनेकी छ । खै मेरो बूढाले त त्यति पनि गर्न सकेनन् । बाबुले भन्छन् – तेरो साथीले घरघडेरी जोडी सक्यो तैंले चाहिँ कहिले गर्ने हो बाबु ? साथीहरु भेट हुँदा छलफल चल्छ – गाडी कहिले किन्ने हो अरुले त चढ्न थालिसके । कसैलाई मतलब छैन त्यो सुनको हार, त्यो घरघडेरी र गाडी किन्ने रकम वैध हो कि अवैध ? मतलब छ त आफूसँग नभएको सुनको हार, आलिसान महल, अनि आरामदायक गाडीको ।

कुनै घर जग्गा कारोबारीले छोराको बिहेमा भव्य पार्टी गर्‍यो । पाँच तारे होटेलमा हजारौं जनालाई भोज खुवायो । तर, एक जनाले पनि सोच्दैनौ यत्रो रकम कसरी कमायो ? यसको कर राज्यलाई तिरेको छ कि छैन होला ? कुनै सरकारी कर्मचारीले सानदार महल बनायो भने छरछिमेकीले कहिल्यै प्रश्न उठाउन चाहँदैनन् कि उसको तलबभत्ताबाट कसरी यो सम्भव भयो होला ? कुनै उद्योगीले राज्य दोहन, प्राकृतिक स्रोत दोहन गरेर सम्पत्ति आर्जन गर्दै छ भने ऊमाथि प्रश्न उठाउने, राज्यलाई कारबाही गर्न दबाब दिने त कता हो कता उसबाट जायज नाजायज फाइदा कसरी लिन सकिएला भनेर स्थानीय नै लागि परेका हुन्छन् । अनि कसरी हुन्छ भ्रष्टाचार निर्मूल ?

म त सोच्छु नेपाली समाजमा भ्रष्टाचार संस्थागत भइसकेको छ । खरदारले चिया खर्च भनेर उसले गर्नुर्पने काम गरे बापत सय रुपैयाँ माग्दा के फरक पर्ने हो र भन्दै हामी सय रुपैयाँ दिन्छौं । फेरि सुब्बा साहेब भन्छन् अरु पनि धेरै फाइल छन् अलि समय त लाग्छ होला । हामी पाँच सयको नोट तेर्स्याउछौं । हामी कहिले पनि यो सोच्ने कोसिस गर्दैनौ कतै हामी यसरी नियम तोड्ने परिपाटी त विकास गरी रहेका छैनौ ? यसरी नियम कानुन उल्लङ्घन गर्ने परिपाटी नै संस्थागत गरिसक्यौं भने त्यसको असर त भोग्नुपर्ने नै हुन्छ । अस्पतालमा पालो मिच्दा प्रत्यक्ष असर नपर्ला । जथाभावी बाटो काट्दा थोरैलाई असर पर्ला । खरदारले चिया खर्चको लागि फाइल लुकाउँदा थोरै कमाइ पनि गर्ला । अलि धेरैले दुख पाउलान् । तर, असर त पिरामिड आकारमा बढ्दै जाने भयो । मोटरसाइकल गलत लेनमा कुदाउनेले, अस्पतालमा पालो मिच्नेले, फाइल अगाडि बढाउन ढिला गर्नेले गर्न सक्ने त्यही हो गर्‍यो मतलब गरेनौ । तर, यो संस्कार जति माथि गयो उति भयावह हुँदै जान्छ । पालो मिच्दा सित्तैमा, खरदार सयमा, सुब्बा हजारमा, अधिकृत लाखमा हुँदै मन्त्रीसम्म पुग्दा त करोडौं हुन जान्छ ।

चामल किन्न जाँदा बोराको पूरै चामल नहेरी सुइरोले रोपेर अलिकति चामल निकालेर हेर्दाजस्तो देखिन्छ अरु चामल पनि तेस्तै हुने विस्वासमा पूरै बोरा किनेजस्तै हो हाम्रो समाज पनि । सीमित नेता, मन्त्री, कर्मचारी, सुइरोले निकालेका चामल हुन् भने बाँकी हामी सर्वसाधारण । हामै विम्ब कर्मचारी तन्त्र, न्यायपालिका, कार्यपालिका र विधायिकामा झल्किने न हो ।

प्रश्न उठ्छ किन अन्यलाई सर्वसाधारण भनेर केही सीमित व्यक्तिलाई शिक्षक, प्रहरी, कर्मचारी भन्दै राष्ट्र सेवकको पगरी लगाइएको होला ? किन केही सीमित व्यक्तिलाई राज्यको बागडोर सम्हाल्ने जिम्मा दिइएको होला ? राष्ट्र सेवक कर्मचारी प्रतिस्पर्धामा अब्बल उत्रिएर आउँछ भने नेतृत्व जनताको विश्वासमा खरो उत्रिएर ।

यिनीहरुबाट सर्वसाधारण जनताभन्दा बढी आशा हुनु स्वाभाविक हो । किनभने कोही छानिएर त कोही चुनिएर आए । क्षमता छ भनेर नै कसैलाई आफूमाथी शासन गर्न चुनेर पठाइएको हो । नत्र, परम्परागत शासन पद्धति चलेकै थियो – जहाँ राजाको छोरा नै राजा हुन्थ्यो । उसैले शासन गर्थ्यो चाहे चरित्र र क्षमता जस्तोसुकै होस् । यसैले क्षमता देखाउन नसक्ने हो भने, केही आँट, केही त्याग गर्न नसक्ने हो भने नेतृत्व सम्हालेर बस्ने हक पनि हुँदैन । यिनलाई सर्वसाधारण जस्तैमात्र हुने छुट कदापि दिन सकिन्न । नेतृत्वले बेलैमा यस विषयमा गम्भीर भएर नसोच्ने हो भने यो व्यवस्थाको भविष्य लामो हुनेछैन ।

सर्वसाधारणले पनि आजैबाट सोच्न थालौं – भ्रष्टाचारको मूल कहाँ छ ? कतै त्यो आफैंभित्र जरो गाडेर त बसेको छैन ? नियम सानो तोडे पनि, ठूलो तोडे पनि, आफ्नाले तोडे पनि अरुले तोडे पनि, कानुनी राज्यमा कानुनको परिधिमा ल्याउनुपर्छ । जनताले त्यसमा सघाउनुपर्छ । अनिमात्र कानुनी राज्यको स्थापना हुनसक्छ, भ्रष्टाचार कम गर्न सकिन्छ ।

आफूभित्र रहेको भ्रष्ट आचरण, आफ्ना वरपर हुनेगरेका भ्रष्टाचार जन्य गतिविधिको सख्त विरोध गर्ने परिपाटी बसाल्न सक्यौं भने जनतामा नैतिक बल यति धेरै हुनेछ कि कसैले अवैध सम्पत्ति आर्जन गर्ने आँट गर्नेछैन । जनतामा यस्तो विश्वास हुँदो हो त देशमा वाइड बडी, ललिता निवास, सेक्युरिटी प्रेस, गोकर्ण रिसोर्टजस्ता ठूला काण्ड, कर तथा भ्याट छलीजस्ता जघन्य आर्थिक अपराध अथवा स्थानीय स्तरमा हुने साना काण्डहरुमा विरोधका नाममा सामाजिक सञ्जालका भित्ताहरुमात्र रंगाएर बस्ने थिएनन् । अबको आन्दोलनको प्रमुख एजेन्डा अवैध सम्पत्ति आर्जन गर्नेमाथिको छानबिन हुने थियो । कालो धन थुपार्नेमाथिको अनुसन्धान तथा निर्मम कारबाहीको मागमा सडक तात्ने थियो । शासन व्यवस्था जस्तोसुकै भए पनि अवैध सम्पत्ति आर्जन गर्ने र कालो धन थुपार्नेको हालीमुहाली भइराखेसम्म जनताले परिवर्तन महसुस गर्न सक्तैनन् । राष्ट्र निर्माणमा खर्च हुनुपर्ने रकमले तिनै भ्रष्ट कर्मचारी, नेता, कमिसनखोर, अनि दलालको ढुकुटी भरिइरहेको हुन्छ । छ हिम्मत जनतासँग ? छ भने तयार भइराखौं एउटा अर्को आन्दोलनको लागि, एउटा नयाँ क्रान्तिको लागि – जसले साँच्चै नेपाल नयाँमात्र होइन नैतिक पनि बनाउन सकोस् ।

## सामाजिक सञ्जाल



चक्कु खरबुजामाथि खसेपनि, खरबुजा चक्कु माथि खसेपनि काटिने त खरबुजा नै हो । स्वयंलाई क्षति पुग्ने खेलमा सहभागी हुनु खरबुजाको दुस्साहस पो हुन्छ कि ! सोचौं है ।

- मोहन श्रेष्ठ



कुनै मान्छे मन पर्नुमा कुनै कारण हुँदैन । गीतहरू पनि ठीक त्यस्तै हुन् । नत्र २४ वर्षपछि 'रक्षक' फिल्मको 'शहेरकी लडकी' गीत सुन्दा किन आँखा टिलपिल गर्दा हुन् । कसैको जीवनबाट स्मृतिहरू कहिल्यै नहराऊन् ।

– लेनिन वञ्जाडे




नारायणहिटीको पर्खाल नयाँ बन्दैछ । सरकारी सम्पत्ति हो, पर्खाल २ फिट भित्र बनाए जनताले सुबिस्तासँग हिड्न त पाउँथे ।

– सुधांशु केसी



सार्वजनिक यातायात भन्दा भिडभाड हुने स्थान नेपालमा सायदै अरू होला । सार्वजनिक यातायात दुरूह अवस्थामा राखेर भिडभाडमा नजाउ भन्दै नागरिकलाई अर्ति दिनु ४ दिनको भोको मान्छेलाई खिरको स्वादको निबन्ध लेख्न लगाउनु जस्तो पो भयो । कोरोनासँग सचेत बनौं । सार्वजनिक यातायातमा विशेष सचेत बनौं ।

– यादव देवकोटा



बिरामी सबै समान हुन र इलाजको प्रक्रिया पद्दती एकै हुने गर्छ सबैलाई । सर्जन भएकै नाताले एउटा अनुभव यता बाँड्छु ल । भिआइपी, नजिकका या धेरै तिरबाट फोन घुमाइएका बिरामी अपरेसन भोलि गर्नुछ भने एक रात पहिले सर्जनको निन्द्रा २–४ पटक खुल्छ खुल्छ । हल्का तनाब हुन्छ हुन्छ ।

– लछुमन

# किन हुन्छ भेदभाव ?



आभास धरानन्द राजोपाध्याय



यो छुत, त्यो अछुत वा यो उच्च, त्यो नीच । यस्ता प्रचलन हाम्रो समाजमा चल्दै आएको देखिन्छ । हुन त विश्वभर नै यस्तो भेद देखिन्छ । यो किन हुन्छ त? यसका कारण क-के छन् ?

यस लेखमा यो भेद कसरी निर्माण भयो, अर्थात् भनौं समाजले यो विभेद कसरी सिर्जना गर्छ भन्ने कुरा खोतल्ने प्रयास गर्छु । समाजविज्ञानमा एउटा सिद्धान्त छ, 'कन्स्ट्रक्टिभिज्म' अर्थात् निर्माणवाद । यसको प्रमुख मान्यता भनेको समाजले 'निर्माण' वा 'कस्स्ट्रक्ट' गर्छ भन्ने नै हो ।

सुप्रसिद्ध महिलावादी जुडिथ बट्लरको विचार हेर्ने हो भने पनि समाजले यो निर्माण गर्छ भने यो परिवर्तनशील नै हुन्छ । यसरी भेद निर्माण गर्दा विशेषतः शरीरलाई नै आधार बनाइन्छ । यो पुरुष, त्यो महिला वा अझ त्यो तेस्रो लिङ्गी (शाब्दिक अर्थमा मात्र नभई आजभोलि चलेको बृहत्तर चलनमा) - यस्ता भेदसँगै जोडिन्छ उनीहरूको कार्य, जुन पुनः समाजले नै तोक्ने गर्छ ।

पुरुष भएपछि बलियो हुनुपर्छ, रुनु हुँदैन वा जिम्मेवारी बहन गर्न सक्नुपर्छ र त्यस्तै, महिला भएपछि घरको काम गर्नुपर्छ, सरसफाइ गर्नुपर्छ, भान्छाको काम जान्ने हुनुपर्छ । यो सबै स्थापित मान्यता सुरुमा कसै न कसैले बनाएकै थिए। त्यसैले यो शाश्वत् सत्य हो भन्नु गलत होला, हुन त यसलाई धार्मिक रङ्ग दिएर यसको निरन्तरतालाई समाजले नै सुनिश्चित गरिरहेको हुन्छ ।

जो शक्तिमा छ, उसले आफू वा आफूजस्तैलाई सामान्यको पहिचान दिन्छ र उसले सधैं शक्तिहीनलाई तल पार्छ ( सामान्य नियम हो । यसरी शक्तिको खेलले कुन चीज सामान्य हो र कुन असामान्य भन्ने निर्धारण गर्छ ।

तर, कुनै व्यक्तिविशेषको पहिचान यसरी समाजले नै निर्माण गर्छ भने यही पहिचानकै आधारमा भेदभाव गर्ने गरेको पाइन्छ । अन्य कारण पनि होला, तर यस छोटो लेखमा यसैमा केन्द्रित हुन चाहन्छु ।

समाजले के चीजलाई चाहिँ 'सामान्य' वा 'नर्मल' मान्छ भन्नेले धेरै फरक पार्छ । कुनै समाजमा गोरो हुनु सामान्य होला र ठिक त्यसको उल्टो श्याम वर्णको हुनु असामान्य होला - यहाँ सुरु हुन्छ भेदभाव । त्यस्तै, कुनै समाजका लागि धनवान् हुनु सामान्य होला, उसले गरीबलाई सधैं आफूभन्दा पर नै राख्छ । कुनै समाजले ब्राह्मण वा तागाधारीलाई माथि राख्ला, अन्य कथित 'तल्लो जात' वा जनजातिलाई तल वा अझ कुनै समाजले पुरुष-महिलाको द्वैततालाई मात्र सामान्य मान्ला, त्यहाँ पृथक् लैङ्गिक पहिचान सधैं 'असामान्य' नै हुनेछ ।

धेरै लामो भन्दिनँ, तर 'सामान्य' हुनु भनेको समाजले निर्माण गरेको अवधारणा हो र हाम्रो समाज विविधतायुक्त छ भन्दै यही विविधतामा रमाउने मोडलले शायद भेदभाव अन्त्य गर्न केही भए पनि सहयोग गर्ला । तागाधारी पनि ठिक, अन्य मतवाली पनि ठिक वा पुरुष हुनु पनि ठिक, महिला हुनु पनि ठिक अथवा गरीब पनि ठिक, धनी पनि ठिक। यसरी विविधतामा रमाउन सक्नु भेदभाव अन्त्यका लागि महत्त्वपूर्ण हुन्छ। अस्तु ।


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने् छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# राष्ट्रियसभा बैठक : सहमति र सहकार्यका लागि आह्वान

**काठमाडौं/मस-** नवनिर्वाचित राष्ट्रियसभा सदस्य नारायणकाजी श्रेष्ठले समृद्ध नेपाल निर्माणको कार्यभार पूरा गरेर देखाउनुको कुनै विकल्प नभएको बताएका छन् । राष्ट्रियसभा सदस्यको पद तथा गोपनीयताको शपथपछि सभाको आजको बैठकमा बोल्दै उनले भने, 'छिटोछिटो सरकार परिवर्तन हुने अवस्थाको अन्त्य भएको छ, सरकारले स्थायित्व पाएको छ, राजनीतिक सङ्क्रमण अन्त्य भएको छ, नयाँ संविधान बनेको छ, अब सङ्घर्ष गर्न परेको छैन, अब स्थिरता छैन भन्न पाइँदैन ।'



सरकार समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्नेतर्फ अघि बढेको उल्लेख गर्दै उनले सरकारले पहिलो वर्ष आधार र दोस्रो वर्ष कार्यान्वयन वर्षका रूपमा अगाडि बढाएको बताए । 'स्वतन्त्र परराष्ट्र नीति, वैदेशिक हस्तक्षेपलाई अस्वीकार गर्दै सरकार अघि बढेको छ', उनले भने, 'सङ्घीयता कार्यान्वयनले विस्तारै गति लिँदै गएको छ ।'

सीमा अतिक्रमण रोकी नेपाली भूमि फिर्ता गराउने र राष्ट्रियताको सवालमा सबै शक्ति मिलरे एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले लोकतन्त्रको रक्षा, अभ्यास र विकासमा सबैको एकमत हुनुपर्ने बताए । मुलुकको समृद्धिका लागि अपार सम्भावना भएको उल्लेख गर्दै उनले ती सम्भावनाको समुचित प्रयोग गरिनुपर्नेमा जोड दिए । 'समृद्ध नेपाल, सुखी नेपाली बनाउनु, समाजवाद निर्माण गर्नु अहिलेको आवश्यकता हो', सांसद श्रेष्ठले भने, 'नेपाललाई सभ्य, सुसंस्कृत र समृद्ध मुलुकमा रुपान्तरण गर्नु हो । नयाँ ढाँचाको आर्थिक विकास र सामाजिक न्यायमार्फत समाजवादको आधार निर्माण गर्ने दिशामा अघि बढ्नुनै आजको आवश्यकता हो ।'

अपार सम्भावनायुक्त मुलुक भए पनि लाखौँ युवा विदेशमा पसिना बगाउन बाध्य भएको उल्लेख गर्दै उनले उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्नेतर्फ अघि बढ्नुपर्नेमा जोड दिए । सांसद श्रेष्ठले कमीकमजोरी सच्याउँदै अघि बढ्ने, जनताको सामु गरेको प्रतिबद्धता पूरा गरेरै छाड्ने दृढता व्यक्त गरे । सबै मिलेर सहकार्य गरेर काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सहमति र सहकार्यका आधारमा काम गर्न प्रमुख प्रतिपक्षसँग आह्वान गरे ।

नवनिर्वाचित सांसदलाई स्वागत गर्दै सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका नेता दीनानाथ शर्माले राष्ट्रियसभाले विधेयक पारित गर्ने मात्र नभई जनसरोकारको विषयमा पनि महत्व दिँदै गएको बताए । 'राष्ट्रियसभाले परिपक्व व्यक्ति पाएको छ, नवनिर्वाचित सदस्यको उपस्थितिले अत्यन्त खुशी बनाएको छ', उनले भने, 'राज्यले सुम्पेको अभिभारा पूरा गर्न यहाँहरूको भूमिका महत्वपूर्ण हुनेछ ।'

दुई वर्षको अवधिमा राष्ट्रियसभाको बैठक एक दिन पनि नरोकिएको जनाउँदै उनले सत्ता पक्ष र प्रतिपक्षी नभई सहमति तथा सहकार्यको संस्कारको विकास गरिएको बताए । राष्ट्र निर्माणको महत्वपूर्ण अभियानमा अघि बढेको उल्लेख गर्दै राष्ट्रिय दायित्वसँग जोडिएको जनसरोकारका विषय पूरा गर्ने अभिभारा आफूहरूको काँधमा आएको उहाँले बताए ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सांसद अनिता देवकोटाले सहकार्य र सहमतिका आधारमा अघि बढ्नुपर्नेमा जोड दिँदै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि एक ठाउँमा उभिनुपर्ने बताए । 'के सत्ता पक्ष के प्रतिपक्ष भनेर होइन, सहकार्यका आधारमा अघि बढौं', उनले भने, 'यहाँहरूको उपस्थितिले राष्ट्रियसभालाई परिपक्व बनाएको छ ।'

समाजवादी पार्टी नेपालका सांसद प्रमिला कुमारीले राष्ट्र निर्माणमा नवनिर्वाचित सदस्यको महत्वपूर्ण भूमिका भएको भन्दै मुलुकलाई समृद्ध बनाउन दृढतापूर्वक लाग्ने विश्वास व्यक्त गरे । 'यहाँहरूको स्वागत र सफल कार्यकालको कामना गर्दछु', उनले भने । सातै प्रदेशको समानान्तर विकास नभएसम्म समृद्ध मुलुक निर्माण हुन नसक्ने भन्दै उनले प्रदेश र स्थानीय तहको अधिकार सुनिश्चित गरेर मात्रै समृद्धि हासिल गर्न सकिने बताए ।

सभाको शुभारम्भमा राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नवनियुक्त सदस्यलाई स्वागत गरेका थिए ।

# पौडेल पक्षद्वारा जिल्ला उपसभापतिको प्रशिक्षण बहिष्कार

**काठमाडौं/मस-** नेपाली काँग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जिल्ला उपसभातिका लागि आज आयोजना गरेको प्रशिक्षणमा पार्टी वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले उपस्थित नहुने निर्णय गरेको छ ।



आज बिहान काँग्रेस पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा भएको पौडेल पक्षको भेलाले जिल्ला उपसभापतिको प्रशिक्षण कार्यक्रममा सहभागी नहुने निष्कर्ष निकालेको केन्द्रीय सदस्य जीवन परियारले जानकारी दिए । प्रतिष्ठानले पार्टीका करिब पाँच लाख क्रियाशील सदस्यलाई जिल्ला कार्यसमितिमार्फत प्रशिक्षण दिने उद्देश्यले सबै जिल्लाका उपसभापतिलाई केन्द्रीय कार्यालयमा बोलाएको छ । पार्टी सभापति शेरबहादुर देउवाले १४औं महाधिवेशनको मिति तोकिसकेको अवस्थामा आचारसंहिता, विधिविधान र पार्टीमा स्थापित मान्यता विपरीत एकलौटी रूपमा केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य र केन्द्रीय विभाग प्रमुख मनोनयन गरेको पौडेल पक्षले आरोप लगाएको छ । सभापति देउवाले यही फागुन १७ र १९ गते पार्टीका २० केन्द्रीय विभागमा प्रमुख, दुई केन्द्रीय र ११ आमन्त्रित केन्द्रीय सदस्य मनोनयन गरेका थिए । भेलामा उपस्थित केन्द्रीय सदस्य, उपलब्ध जिल्ला सभापति र उपसभापतिहरूको सुझावअनुसार उक्त निर्णय लिइएको केन्द्रीय सदस्य परियारले बताए । भेलामा वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशाङ्क कोइराला, नेताहरू सिंह, अर्जुननरसिंह केसी, डा मीनेन्द्र रिजाल, बलबहादुर केसी, दीपक गिरिलगायत उपस्थित थिए ।

# काभ्रे र बैतडीमा बस दुर्घटना, ४४ जना घाइते



**बनेपा/मस-** काभ्रे र बैतडीमा सवारी दुर्घटना हुँदा ४४ जना घाइते भएका छन् । काभ्रेको कोशीपारि स्थित चौरीदेउराली गाउँपालिका-५ ढाँटखर्कमा आज बिहान यात्रुवाहक बस दुर्घटना हुँदा ४४ जना घाइते भएका छन् ।

रामेछाप जिल्लाको गुराँसेबाट काठमाडौंतर्फ आउँदै गरेको बा४ख ७१०२ नंको बस पछाडि सार्ने क्रममा सडकबाट ५० मिटर तल खसेर दुर्घटना भएको इलाका प्रहरी कार्यालय कात्तिकेदेउरालीका प्रहरी निरीक्षक पवनकुमार झाले बताए । घाइतेमध्ये छ जनाको अवस्था गम्भीर रहेको जनाएको छ ।

घाइतेहरु सबैको उपचारका लागि धुलिखेल अस्पताल पठाइसकेको प्रहरीले जनाएको छ । 'घाइतेहरुको नाम र ठेगाना खुलेको छैन, हामीले उपचारका लागि पहिलो प्राथमिकतामा राखेर उद्धारपश्चात् अस्पतालतर्फ पठाएका छौँ', प्रहरी निरीक्षक झाले भने । गाडीको चालक भने फरार रहेकाले खोजी भइरहेको प्रहरीले जनाएको छ ।

उता, महाकाली राजमार्गअन्तर्गत बैतडीको दोगडाकेदार गाउँपालिका-५ न्वालीमा आज बिहान बस दुर्घटना हुँदा पाँच घाइते भएका छन् । घाइते हुनेमा बैतडी सुर्नयाका २२ वर्षीया विनिता कुँवर (टेर), दार्चुला ब्यासका ३३ वर्षीया बिन्दु कुँवर, ५५ वर्षीया गोविन्दी कुँवर, दार्चुला दुहुका ३० वर्षीय ललित बोहरा र २४ वर्षीय महेश बडाल छन् ।

घाइतेको बैतडी र दार्चुलाका विभिन्न अस्पतालमा उपचारका लागि पठाइएको बैतडीका प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेयले जानकारी दिए । घाइतेको प्रहरीचौकी खोचलेकका प्रहरी सहायक निरीक्षक शङ्करदत्त भट्टको टोलीले उद्धार गरेको हो । बसमा सवार ४० जना रहेको भए पनि अन्यको अवस्थामा सामान्य रहेको छ ।

महेन्द्रनगरदेखि गन्ना जाँदै गरेको पवनदुत यातायातको ना ५ ख ५१४१ नम्बरको बस न्वालीमा आज बिहान ५ बजेतिर एक्कासि नालीमा पल्टिन गई दुर्घटनामा परेको हो । बस चालक दीपक बोहरा प्रहरी नियन्त्रणमा रहेका छन् ।


## नोवल वहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन ललितपुर, फोन: ०१५५२८०१९

### भवन निर्माण सम्वन्धी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति २०७६/११/२२**

यस नोवल वहुउद्देश्यीय सहकारी संस्था लि.को नाममा ल.पु.जि.ल.पु.म.न.पा.वडा नं.५ मानभवन स्थित जग्गामा संस्थाको कार्यालय प्रयोजनको लागि तपसिल वमोजिमको भवन निर्माण कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट स्थायी लेखा नम्वर,आयकर दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र संलग्न राखी निर्माण व्यवसायीवाट तपसिलका शर्तहरुको अधिनमा रही १५ दिन भित्र रितपुर्वक बोलपत्र पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रका शर्तहरु :**

१. बोलपत्र सम्वन्धि कागजातहरु मिति २०७६/११/२२ देखि मिति २०७६/१२/०६ सम्म कार्यालय समय भित्र यस कार्यालयवाट तल उल्लेखित फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । खरिद गरेको वोलपत्र दिनको ४:०० वजेसम्म दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सवै वोलपत्रहरु संस्थाका प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा मिति २०७६/१२/०७ गते शुक्रवार दिनको २:०० बजे सम्म खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमापनि बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।
२. धरौटी वापत संस्थामा नगदै जम्मा गरेको भौचर पेस गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले यस संस्थावाट प्राप्त फाराम भरी पेस गर्नु पर्नेछ ।
४. रित नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन र बोलपत्र मुल्याङ्कनमा समावेस गरिने छैन । यदि दर रेट मुल्य अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।
५. सूचनामा परेका व्यहोरा वाहेक अन्यको हकमा प्रचलिन कानून वमोजिम हुनेछ ।
६. बोलपत्र सम्वन्धी कुनै संसोधन वा हेरफेर गर्नु पर्ने भएमा सार्वजनिक सुचना प्रकाशन गरी जानकारी गराइनेछ ।
७. वोलपत्र सम्वन्धि विस्तृत जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखि वुझ्न सकिने छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | माध्यम | वोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|
| नोवल ०१-०७६/७७ | २.५तलाको भवन | शिलवन्दी वोलपत्र | रु.५००। |



## एल्लो प्लानेट मल्टिप्रपोज कम्पनी प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको एल्लो प्लानेट मल्टिप्रपोज कम्पनी प्रा.लि. (प्रा.लि. नं. १७३३४३) को मिति २०७६/०४/३० को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटर: श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१४८११७४**



## SAUDI मा रोजगार

१. कम्पनी: ABDUL LATIF AL BUAINAIN CONCRETE ICE FACTORY — शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१३ — चलानी नं.: ६०१५२३२१ — L.T. No.: 233621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ५९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading Unloading Labor | 3 | 0 | | 1200 | ३७,४१५ | | | | | | | |

२. कम्पनी: CONTRACT OF AMWAJ AL-BATIN CO. FOR CONTRACTING LIMITED LIABILITY CO. — शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१२ — चलानी नं.: ६०१५२३२० — L.T. No.: 233839

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २९ गते (12 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२२१००, ५५५०२४२, फ्याक्स: ५५२६२३८



## कतारमा रोजगार

कम्पनी : MADAR AL KHAIR TRADING CONTRACTING — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५२९८४ — LT. No.: 234512

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1100 | ३५,३४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन २९ देखि चैत २ गतेसम्म (12 to 15 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.**
LINK INTERNATIONAL PLACEMENT SERVICE — Govt. Lic. No.: 821/066/067
टोखा-१०, सामाखुसी, काठमाडौं, (अपोजिट पुलिस पेट्रोल पम्प) फोन : ४३५६६५४, ४३५५९७८, मो.: ९८४९६६४९७१
Email: linkinternationalnepal@gmail.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## मलेसियामा रोजगार

कम्पनी : SHEN MAO SOLDER (M) SDN. BHD. — शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५२९७२ — LT. No.: 234349

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 5 | 0 | स. काममा दक्ष | 1200 | ३३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २९ गते (12 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHERPA INTERNATIONAL MANPOWER CONSULTANCY PVT. LTD** — Govt. Lic No.: 430/060/061
P.O. Box: 26258, Samakhusi-29, Kathmandu, Nepal, Tel: 00977-1-4390190, 4364821 (Fax)
Website: www.sherpaintl.com, E-mail: infosherpadoc@gmail.com



## साउदी अरबमा रोजगार

कम्पनी: OPTION CAFE (JAWAHER KHALLOUF BIN FARHAN AL-ENAZI EST) — शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५२९७८ — LT. No.: 234643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 1 | 0 | | 1400 | ४३,६५० | | | | | | | |
| 3. | Tea Coffee And Other Maker | 1 | 0 | | 1400 | ४३,६५० | | | | | | | |
| 4. | General Labor | 1 | 0 | | 1000 | ३१,१८० | | | | | | | |
| 5. | Sweet Maker | 1 | 0 | | 1400 | ४३,६५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २९ गते (12 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nasser Outsourcing Consultants (P.) Ltd.**
श्रम इजाजत नं.: ६१९/०६३/०६४ रुद्रेश्वर मार्ग, रातोपुल-९, काठमाडौं, नेपाल
फोन नं.: ४४६५०९० (6 Lines) / ४४९८२११, फ्याक्स: ४४११९५०



## ओमानमा रोजगार

कम्पनी : AL MASHHOOR INTERNATIONAL COMPANY — शहर: OMAN

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५२९२३ — LT. No.: 234572

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | स. काममा दक्ष | 150 | ४५,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २९ गते (12 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1363/074/075
**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690



## बहराइनमा रोजगारको अवसर

कम्पनी: DREAM PROPERTY DEVELOPMENT CO. S.P.C. — शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७६/११/२१ — चलानी नं.: ६०१५२९७९ — LT. No.: 234621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Superviosr | 5 | 0 | सम्बन्धित काममा दक्ष | 300 | ७३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Maintenance Clerk | 195 | 0 | | 100 | ३१,०२५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा फागुन २९ गते (12 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Tel: 4385029, Mob.: 9851183443, 9862804111
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np

# वर्षौंदेखि पुर्पक्षमै बस्न बाध्य छन् बन्दी

संजीत कुमार मण्डल/रासस
जलेश्वर २१, फागुन



महोत्तरी, धनुषा र केही वर्षदेखि सर्लाही जिल्लाको समेत संयुक्त कारागारको रूपमा रहेको जलेश्वर कारागारमा विगत १० वर्षदेखि आफ्नो मुद्दाको अन्तिम फैसलाको पर्खाइमा पुर्पक्षमै बस्दै आएका छन् धनुषाको चोराकोयलपुरका बेचन यादव । कर्तव्य ज्यान मुद्दाका यादव भन्छन्- 'सरकार म दोषी भए कैद सजाय होस नत्र यसरी गाईगोरुजस्तो कोचेर बस्न बाध्य नबनाइयोस् ।'

उनी धनुषा जिल्ला अदालतको आदेशानुसार जलेश्वर कारागारमा २०६६ साल कात्तिक ४ देखि नै थुनामै छन् । पुर्पक्षका लागि उनी थुनामा आएको १० वर्ष भइसक्दा पनि उनको मुद्दाको फैसला आएको छैन । यस कारागारमा १३५ जना बन्दी मात्र राख्न सकिने क्षमता छ । तर कैयौँ वर्षदेखि यहाँ करिब ५४६ जना राखिएको छ । तीमध्ये अधिकांश करिब आठ वर्षयतादेखि सोही कारागारमा छन् । सोही कारागारमा रहेका अर्का बन्दी महोत्तरीको सिंग्याहीका शत्रुधन यादवले पनि यस्तै दुःख पोख्छन् । भन्छन्- 'हे ईश्वर कि मलाई यो नर्कबाट निकालिदेउ नत्र मेरो प्राण हरिलेऊ ।' उनी पनि कर्तव्य ज्यान मुद्दाका बन्दी हुन् ।

उनी धनुषा जिल्ला अदालतको आदेशमा यस कारागारमा २०६८ साउन ५ गतेदेखि थुनामा छन् । यसरी पुर्पक्षमा बसेको आठ वर्ष बितिसक्दा पनि उनको मुद्दाको पनि फैसला आउन सकेको छैन ।

सप्तरी जिल्लाको बिसहरिया-८ बस्ने कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दाका शिवम् भन्ने जयप्रकाश चौधरी पनि धनुषा जिल्ला अदालतको आदेशमा २०६९ साल असार ३ गतेदेखि मुद्दाको फैसलाको प्रतीक्षामा पुर्पक्षमा जलेश्वर कारागारमा बसिरहेका छन् । उनी पुर्पक्षमा बसेको सात वर्षभन्दा बढी भइसकेको छ ।

त्यस्तै धनुषा जिल्लाकै जनकपुर उपमहानगरपालिका-१४ बस्ने कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दाका मुकेश कर्ण धनुषा जिल्ला अदालतकै आदेशानुसार २०६९ साल असार ३ गतेदेखि पुर्पक्षका लागि जलेश्वर कारागारमा बस्दै आएका छन् । कर्ण पनि विगत सात वर्षदेखि पुर्पक्षमै आफ्नो मुद्दाको अन्तिम आदेशको पर्खाइमा छन् ।

त्यस्तै धनुषा जिल्लाकै खरिहानी-३ बस्ने कर्तव्य ज्यान मुद्दाका रहिमत मियाँ धुनिया पनि धनुषा जिल्ला अदालतकै आदेशानुसार २०७० साल वैशाख १५ गतेदेखि पुर्पक्षका लागि जलेश्वर कारागारमा बस्दै आएका छन् । उनी यस कारागारमा रहेको छ वर्षभन्दा बढी भइसकेको छ । तर उनको मुद्दाको अन्तिम फैसला आएको छैन ।

यी बन्दीहरू केही प्रतिनिधि पात्र हुन् । जलेश्वर कारागारको अभिलेखअनुसार विगत १० वर्षअर्थात २०६६ सालदेखि पुर्पक्षमा बस्दै आएका १, ८ वर्षदेखि बस्दै आएका १, ७ वर्षदेखि ५, ६ वर्षदेखि, ५ वर्षदेखि पाँच जना सो कारागारमा पुर्पक्षमा बस्दै आएका छन् । यसरी सो कारागारमा १० वर्षदेखि बन्दीहरू पुर्पक्षमै रही आएका छन् । हाल त्यहाँ ४१५ जना बन्दी पुर्पक्षमै बस्दै आएका छन् । जसको मुद्दाको अन्तिम फैसला भएको छैन भने उनीहरूको मुद्दाको टुङ्गो कहिलेसम्म हुने हो भन्ने पनि निश्चित नरहेको उनीहरू बताउँछन् ।

यी बन्दीहरूलाई खान, बस्न, सुत्न, शौचालय जान, नुहाउन, कपडा धुन निकै सास्ती छ । उनीहरू चर्पी जानकै लागि बिहानदेखि लामो लाइन लागेर बसेका हुन्छन् । यसरी कोचिएर बस्नुपर्दा कैयौँ त बिरामी पनि पर्ने गर्छन् । मुद्दाको फैसला समयमै नआइदिँदा जलेश्वर कारागारमा सयौँ व्यक्ति वर्षौंदेखि थुनामै बस्न बाध्य रहेका छन् ।

यसबीच उनीहरूमध्ये दोषी भएका व्यक्तिले अदालतद्वारा आफ्नो दोषभन्दा बढी कैद तोकिएर आएमा उनी अनाहकमै बढी समय कारागारमा बसेका हुन्छन् भने यदि कोही दोषी नठहरिएर अदालतद्वारा सफाइ पाएमा उनले बसेको पूरै समय बिना कसुर कारागारमा बसेका हुन्छन् । यसरी वर्षौंदेखि थुनामा बस्नु पर्दा बन्दीहरू निकै दुःखी र निराश बनेको पाइन्छ ।

नेपालको कानूनअनुसार कुनै पनि अपराध वा अपराधको कसुरमा पक्राउ गरी अदालतको आदेशमा कारागारमा पुर्पक्षका लागि पठाइएको व्यक्तिको हकमा बढीमा दुई वर्षभित्र उनको मुद्दाको अन्तिम किनारा लगाइसक्ने प्रावधान छ । अर्थात उनलाई कति दिन कैदमा राख्ने वा कहिले छोड्ने भन्ने विषयमा दुई वर्षभित्र अन्तिम फैसला गरिसक्नुपर्छ । तर महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित धनुषा, महोत्तरी र केही वर्षदेखि सर्लाही जिल्लासमेतको संयुक्त जेलको रूपमा रहेको जलेश्वर कारागारमा विभिन्न मुद्दामा सयौँ व्यक्ति वर्षौंदेखि आ-आफ्ना मुद्दाको अन्तिम किनाराको प्रतीक्षामा पुर्पक्षमै बसिरहेका छन् ।

यसै सन्दर्भमा कानूनी व्यवस्थाबारे महोत्तरीका जिल्ला न्यायाधिवक्ता कृष्णप्रसाद पुडासैनीले नेपालको कानूनले बालबालिका र अन्य व्यक्ति गरी दुई किसिमले पुर्पक्षसम्बन्धी व्यवस्था गरेको बताए । उनले बालबालिका पुर्पक्षमा बसिरहेको हकमा नेपालको बालबालिका ऐन, २०७५ मा बालबालिकासम्बन्धी मुद्दाको १२० दिनभित्र शुरु अदालतले मुद्दाको फैसला गरिसक्नुपर्ने व्यवस्था रहेको बताए ।

त्यस्तै अन्य व्यक्तिहरू पुर्पक्षमा बसिरहेको अवस्थामा केही विशेष मुद्दाबाहेक उनीहरूको हकमा नेपालको जिल्ला अदालत नियमावली, २०७३ मा बढीमा २ वर्षभित्र मुद्दाको शुरु फैसला गरिसक्नुपर्ने व्यवस्था रहेको जिल्ला न्यायाधिवक्ता पुडासैनीले बताए । जिल्ला न्यायाधिवक्ता पुडासैनीले केही विशेष मुद्दाबाहेक सामान्यतया कुनै पनि मुद्दामा पुर्पक्षमा बसिरहेको व्यक्तिको मुद्दाको बढीमा दुई वर्षभित्र फैसला दिनुपर्ने बताए ।

महोत्तरीका जिल्ला न्यायाधीश विष्णु सुवेदीले पुर्पक्षमा बसेको व्यक्तिको जुनसुकै मुद्दाको हकमा पनि मुद्दाको अङ्ग पुगेको 'एक वर्षभित्र र पुनरावेदनमा छ महिनाभित्र' मुद्दा फैसला गरिसक्नुपर्ने व्यवस्था रहेको बताए ।

उनले अहिले सर्वोच्चको योजनाअनुसार पनि कुनै पनि मुद्दा १८ महिना वा बढीमा दुई वर्षभित्र फैसला गरिसक्नुपर्ने प्रावधान रहेको बताए । उनले आउँदो २०७७ साउनदेखि त कुनै पनि मुद्दा सरल, सामान्य र विशेष गरी तीन प्रकारले फैसला गरिने बताए । उनले सरल प्रकृतिका मुद्दा छ महिनाभित्र, समान्य प्रकृतिका मुद्दा एक वर्षभित्र र विशेष प्रकृतिका मुद्दा डेढ वर्षभित्र फैसला गरिसक्नुपर्ने प्रावधानको व्यवस्था गरिएको बताए । तर पुर्पक्षको मुद्दामा समय लाग्नेमा अभियुक्त, अदालत, कानून व्यवसायी र कानूनले समेत गर्दा आवश्यकभन्दा निकै बढी समय लाग्ने गरेको उनले बताए ।

उनले कुनै मुद्दामा एकभन्दा बढी अभियुक्त संलग्न रहेको र तीमध्ये केही पक्राउ र केही फरार रहेको अवस्थामा सबै प्रतिवादी उपस्थित नहुञ्जेलसम्म मुद्दाको अन्तिम फैसला गर्न नसकिने र यस्तो मुद्दामा म्याद तामेल गर्न, वारेन्ट जारी गर्न निकै समस्या हुने गरेको बताए । कतिपय अवस्थामा अभियुक्तको वतन, घर फेला नपर्ने, साक्षी प्रमाण बुझ्ने प्रक्रियामा ढिलो र समस्या हुने, मुद्दा चलिरहँदा कानून व्यवसायीले पटकपटक पेशी सार्ने र अदालतमा पनि मुद्दाको बढी चाप हुँदा ती मुद्दाले सुनुवाइको पालो नपाउनु र अन्य विभिन्न कारणले पनि पुर्पक्षमा रहेका व्यक्तिको मुद्दाको अन्तिम फैसला समयमै नआउने गरेको बताए ।

कारागार कार्यालय महोत्तरीका कामु जेलर मकसुदन महासेठले कारागार ऐन २०१९ मा म्याद तोकी थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त अधिकारीबाट आदेश भई आएको थुनवा कैदीलाई सो आदेशबमोजिम चौबीस घण्टाभित्र जेलरले थुना वा कैदमुक्त गरिदिनुपर्ने प्रावधान रहेको जानकारी दिए ।

त्यस्तै सोही कानूनबमोजिम पुर्पक्षलाई थुनिएको थुनाका सम्बन्धमा निज कारागारभित्र थुनिएको छ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो छ महिना नाघेको तीन दिनभित्र जेलरले सो सम्बन्धित सबै कुरा खोजी त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतसम्म प्रतिवेदन गर्नुपर्छ ।

त्यसैगरी उक्त ऐनको दफा १८ को ३ अनुसार कुनै थुनुवा वा कैदीलाई छाड्नुपर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाइदिनुपर्ने प्रावधान छ । उनले अधिकार प्राप्त निकायबाट कुनै पनि थुनुवा वा कैदीलाई मुक्त गर्ने आदेश आउने बित्तिकै आवश्यक प्रक्रिया पूरा गरेर छाडिदिने गरेको बताए ।कानूनमा यस्तो व्यवस्था भए पनि यहाँका कारागारमा विभिन्न मुद्दामा थुनामा बस्दै आएका व्यक्तिको अन्तिम फैसला समयमा नआउने गरेको र उनीहरू वर्षौं वर्ष पुर्पक्षमा बस्नुपर्ने बाध्यता रहेको देखिन्छ । समयमै फैसला नआइदिँदा थुनामा बस्ने कतिपय निर्दोष व्यक्ति पनि अनाहकमा कैद काटिरहेको तथा निर्दोष सावित भएमा राज्य पक्षबाट कुनै किसिमको क्षतिपूर्तिसमेत नदिइने गरेकोले उनीहरूको पीडामाथि पीडा मात्र थपिएको देखिन्छ ।

## छाउपडीविरुद्ध सरकारी अभियान-
# ८ हजार बढी छाउगोठ नष्ट

**काठमाडौं/मस-** सरकारले छाउपडी उन्मुलनका लागि आठ हजारभन्दा बढी छाउगोठ भत्काएको छ । छाउप्रथाको नाममा कर्णाली तथा सुदूरपश्चिम क्षेत्रका महिलाले कष्टकर जीवन र विभेद भोगेपछि सरकारले पुस ९ गते छाउगोठ भत्काउने निर्णय गरेअनुसार हालसम्म आठ हजार ६१७ छाउगोठ भत्काइएको हो ।



प्रहरी प्रधान कार्यालयका अनुसार फागुन १५ गतेसम्म सुदूरपश्चिम प्रदेशमा छ हजार ३८२ र कर्णाली प्रदेशमा दुई हजार २३५ छाउगोठ भत्काइएको छ । हालसम्म सबैभन्दा धेरै अछाम जिल्लामा चार हजार ८९७ र सुर्खेतमा एक हजार ९२४ छाउगोठ भत्काइएको प्रहरी प्रवक्ता शैलेश थापा क्षेत्रीले जानकारी दिए । यस्तै बाजुरामा ५१०, डोटीमा ३४२, कैलालीमा २७३, दैलेखमा २५९, कञ्चनपुरमा १९७, बझाङमा १४०, जाजरकोटमा ३०, कालिकोटमा २०, डडेल्धुरामा २३ र सल्यानमा दुई छाउगोठ भत्काइएको छ । यसैगरी कर्णाली र सुदूरपश्चिमका ९६५ घरपरिवारलाई छाउपडीसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । यसमा कर्णाली प्रदेशमा ४९९ र सुदूरपश्चिम प्रदेशमा ४६६ घरपरिवार रहेका छन् । सरकारले छाउगोठसम्बन्धी जनचेतना फैलाउन रु एक करोड विनियोजनसमेत गरेको थियो । यस्तै सरकारले छाउगोठ राख्ने व्यक्तिलाई सरकारले दिने सेवासुविधामा समेत रोक लगाउने निर्णय गरेको थियो ।


## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनी: SARAYA AMMAN RECRUITING AGENCY शहर: AMAN
पूर्व स्वीकृत मिति: २०७६/०९/२४ चलानी नं.: ६०१४९८७२ LT. No.: 230541 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 50 | स. काममा दक्ष | 300 | ३५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ZAMZAM CO. IMPORTING SERVANTS शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०७६/१०/१४ चलानी नं.: ६०१५०७०० LT. No.: 231154 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Helper | 0 | 50 | सम्बन्धित काममा दक्ष | 300 | ३५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Secretary | 0 | 1 | | 400 | ४६,७९० | | | | | | | |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने ।
खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले | रु. १,५००/- कामदारले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २९ गते (12 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी - १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

### माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४३८७४९४, ४३८७४९५, ४३८३९८३
मो: ९८४११३५५३५, ९८५१२१११८८, फ्याक्स: ४३८७४९५

## जापानमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : MIE ECONOMIC FORUM CO-OPERATIVE शहर : SUZUKA
पूर्व स्वीकृत मिति: २०७६/११/२१ चलानी नं.: ६०१५२९८६ LT. No.: 232505

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trainee/intern(Carpentry) | 1 | 0 | स. काममा दक्ष | 151684 | १६८,८२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १२ गते (12 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम कामदारले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औधोगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, सस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औधोगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवृद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००/- मात्र

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

### कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.
श्रम इजाजत नं. ४८८/०६१/०६२
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४

## मलेसियामा रोजगार | कम्पनी : PATRIOT PROTECTION & SECURITY SDN BHD
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/१०/१२ चलानी नं.: ६०१५०५६६ L.T.No.: 231494 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 38 | 0 | स. काममा दक्ष | 1200 | ३३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २९ (12 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

